# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## हिलिहाङ गाउँपालिका
## पाँचथर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## हिलिहाङ गाउँपालिका

## पाँचथर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## हिलिहाङ गाउँपालिका

## पाँचथर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| **निष्ठा** | *(Integrity)* |
| **स्वतन्त्रता** | *(Independence)* |
| **व्यावसायिकता** | *(Professionalism)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन र नियमलाई आधार लिइएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर प्राप्त प्रतिक्रियासमेत विचार गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवम् कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवम् जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवम् परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धतालगायतका सीमा रहेतापनि स्थानीय तहसम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोराउपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजनासमेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नुपर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारीरूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेकोजस्ता व्यहोरा देखिएका छन् । त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरासहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षितरूपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरूउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेठ, २०८१** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ४४

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

पाँचथर ।

१. **कैफियतसहितको राय** — हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार** —

२.१. यस पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोषलगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. २ करोड ८६ लाख ८५ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु. ६८ लाख २१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.८५ लाख २ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ३३ लाख ६२ हजारसमेत गरी यस वर्ष रु. २ करोड १८ लाख ६४ हजार बेरुजु कायम रहेको छ । यस गाउँपालिकाको गतवर्षसम्म रु. ११ करोड ५५ लाख ५४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ७ करोड २५ लाख ८७ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा** — ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवम् कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** — नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** — वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समयजस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैंन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
**नायब महालेखापरीक्षक**

# हिलिहाङ गाउँपालिका

पाँचथर जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८५ | ४५ | २८६८५ | ० | ४२ | ६८२१ | ८५ | ३ | २१८६४ | ८५०२ | १३३६२ | ० | ० | ० | १३३६२ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाँचथर | ११५५५४ | ० | ६४८३१ | ५०७२३ | ० | २१८६४ | ७२५८७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० | ७ | असुल भई दाखिला भएको | ३५१६० |

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| २ | २०७९।८० | १९ | प्रदेश सञ्चित कोषमा दाखिला | ५७२८१४ |
| ३ | २०७९।८० | २१ | असुल भई राजस्व दाखिला भएको | २३६४९१ |
| ४ | २०७९।८० | ४६ | पेस्की फस्यौंट भई प्रमाण पेश | १५१००० |
| ५ | २०७९।८० | ५२ | प्रमाण पेश भएको | ६२५० |
| ६ | २०७९।८० | ५४ | कर कट्टी भई असुल भएको | ६२४२१ |
| ७ | २०७९।८० | ५६ | असुल भई प्रमाण पेश भएको | १८८५९ |
| ८ | २०७९।८० | ५७ | नियमित भई प्रमाण पेश भएको | २४६५५९ |
| ९ | २०७९।८० | ५८ | असुल भई प्रमाण पेश भएको | ३५७२० |
| १० | २०७९।८० | ६० | प्रमाण पेश भएको | १५६००० |
| ११ | २०७९।८० | ६४.९ | असुल प्रमाण पेश भएको | १०००००० |
| १२ | २०७९।८० | ७२.३ | बढी ग्रेड असुल भएको | ४७४५५ |
| १३ | २०७९।८० | ७५ | नियमित भई प्रमाण पेश भएको | १४९१०३५ |
| १४ | २०७९।८० | ७९ | असुल भई प्रमाण पेश भएको | ३३६६९० |
| १५ | २०७९।८० | ८० | असुल भई प्रमाण पेश भएको | ६५७६ |
| १६ | २०७९।८० | ८१ | प्रमाण पेश भएको | १२८३४०७.५२ |
| १७ | २०७९।८० | ८२ | नियमित भई प्रमाण पेश भएको | ६९४३९ |
| १८ | २०७९।८० | ८५ | असुल भई प्रमाण पेश भएको | १०५२६५७ |
| १९ | २०७९।८० | ८७ | असुल भई प्रमाण पेश भएको | १२०७३ |
| | **चालु वर्षको जम्मा** | | | **६८२०६०७** |
| | **गत विगत वर्षतर्फको** | - | - | - |
| १ | २०७८।७९ | १७ | पेस्की फस्यौंट भई प्रमाण पेश | ९७८८८४५ |
| २ | २०७८।७९ | १९ | असुल भएको प्रमाण पेश | ५५७८४५ |
| ३ | २०७८।७९ | ३२ | प्रमाण पेश भएको | २७०००० |
| ४ | २०७८।७९ | ३३ | असुल भई प्रमाण पेश भएको | ३३०८९.८१ |
| ५ | २०७८।७९ | ३५.४ | प्रमाण पेश भएको | ९११६०० |

| क.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| ६ | **२०७८।७९** | ३९.१ | कार्यसम्पादन जमानतको म्याद थप भएको प्रमाण पेश | ८७४०५७.२ |
| ७ | **२०७८।७९** | ३९.२ | कार्यसम्पादन जमानतको म्याद थप भएको प्रमाण पेश | ६२३९४४.५३ |
| ८ | **२०७८।७९** | ४१.१ | कार्यानुभवको प्रमाण पेश | १००८९१६० |
| ९ | **२०७८।७९** | ४१.२ | प्रमाण पेश | १६०७४००० |
| १० | **२०७८।७९** | ४२.२ | असुल भएको प्रमाण पेश | ३३३६०.२६ |
| ११ | **२०७८।७९** | ४३.२ | प्रमाण पेश | २४०८५००० |
| १२ | **२०७८।७९** | ४४ | नियमित भई प्रमाण पेश | १४९०४७६.७५ |
| १३ | २०७७।७८ | | नभएको | ० |
| १४ | २०७७।७८ भन्दा अघि | | नभएको | ० |
| | **गत विगतको जम्मा** | - | - | **६४८३१३७९** |
| | **कुल जम्मा** | - | - | **७१६५१९८६** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय-**

**(क) हिलिहाङ गाउँपालिकाको परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा वडा संख्या ७ वटा, सभा सदस्य संख्या ३९ जना, क्षेत्रफल १२३.०१ वर्ग किलोमिटर तथा २०७८ सालको जनगणनाअनुसार कुल जनसंख्या १९ हजार ०८५ जना रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरिक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवम् प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाहलगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२५ देखि २०८०।०५।२९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनोट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनोट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवम् सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्रसमेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवम् स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँचजस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आय-व्ययतर्फ रू.१,०७,०९,७५,६९६.८० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू. १,२२,४०,१०३.८४ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | विवरण | रकम रू. |
|---|---|---|
| १ | सिद्धेश्वरी मा.बि. भवन निर्माण उ.स., हिलिहाङ्ग-७ बाट अग्रिम आयकर दाखिला | ९२३८ |
| २ | प्रशासानिक भवनको पेस्की जमानतवापतको रकम बैङ्कबाट असुल गरी सञ्चित कोषमा दाखिला | ११०७४००० |
| ३ | आलेप प्रतिवेदनमा उल्लेख सामाजिक सुरक्षाको बेरुजु रकम बैङ्क दाखिला | १११५०४३ |
| ४ | आ.व. २०७९/८० मा भएको जेसिबीको आम्दानी रकम आन्तरिक राजस्व खातामा दाखिला | ३३५०० |
| ५ | आ.व. २०७९/८० मा वडा नं. ३ बाट कम दाखिला भएको राजस्व रकम आन्तरिक राजस्व खातामा दाखिला | ८३२२.८४ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३ को उपदफा १ मा प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन्-

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख भएको पालिकाको अधिकार क्षेत्रअनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा केही कानुन तर्जुमा गरे तापनि ऐनले प्रदान गरेको अधिकार कार्यान्वयनमा लागि आवश्यक सबै कानुनहरू तर्जुमा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरू पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवालासहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारीभित्र मात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन ।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत् कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मासहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाइएन ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघु उद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमनसमेत गरेको देखिने अभिलेख राखेको छैन ।
- पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाहसमेतको वार्षिक कार्यक्रमअनुसारको प्रगति तयार गरेको पाइएन ।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैङ्क तयार गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको र वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाइएन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सबन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साबिकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेस्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेस्की फस्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका कार्यालयको बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अद्यावधिक गरेको छैन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मर्मत सम्भार गर्नुपर्ने मालसामानको समयमा मर्मत सम्भार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत् कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको

यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।

- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरणलगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन र संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्याङ्क (IEMIS) अद्यावधिक गरेको छैन ।
- पालिकाले आयोजना तथा कार्यक्रम छनोट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागितासहितका लागत अनुमान तयार गरेको देखिएन ।
- भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) बमोजिम दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरिएको छैन ।
- सोझै खरिदसम्बन्धी कागजातको मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिमा रही कार्यालयको कर्मचारीले बैठक भत्ता भुक्तानी गरेको हुँदा खर्चमा मितव्ययीता अपनाइएको छैन ।
- भ्रमण खर्च, बैठक भत्ता र विविध खर्चमा मितव्ययीयता अपनाइएको देखिएन ।
- खरिद कानुनमा खरिदमा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्नु नहुने कुरा उल्लेख गरेकोमा सोको पालना गरेको देखिएन ।
- वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान गरेको भए तापनि सो को कार्ययोजना तयार गरी कार्यान्वयन गरेको पाइएन ।

पालिकाको विगत वर्षहरूमा आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धमा औंल्याइएका व्यहोरामध्ये केही सुधार समेत गरेको पाइयो भने सुधार हुन बाँकी कार्यहरू समेत आगामी दिनमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्दछ। साथै, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ बमोजिम स्थानीय सञ्चित कोषको व्यवस्था रहेको, दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसूचीमा संलग्न रहेको छ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

४ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको आधार एवम् ढाँचा र पद्धतिमा एकरुपता कायम गर्न विद्युतीय सफ्टवेयर स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र-SuTRA) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सूत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन

गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू. ८,००,९६,०१८.०० र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू. १,६५,५४,०००.०० समेत गरी रू. ९,६६,५०,०१८.०० सूत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सूत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । साथै, विविध कोष खाताको रू. ५,००,०००.००, लैंगिक हिंसा निवारण कोषको रू. १,००,०००.०० गरी जम्मा रू. ६,००,०००.०० छुट्टै बैङ्क खातामा रकम जम्मा रहेको तर सूत्रमा आबद्ध गरेको छैन । त्यस्तै, सूत्रबाहिर कोष तथा लेखा नियन्त्रक कार्यालय (CGAS) मार्फत् भएका खर्चहरूमा नियमानुसार कट्टा गरिएको धरौटीमध्ये बाँकी रू. ६,२०,३५२.०० लाई समेत सूत्र प्रणालीमा आबद्ध गरेको देखिएन । तसर्थ सबै आर्थिक कारोबार सूत्रमार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **फरक हिसाब -** यस पालिकाले सूत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू. १,१५,८१,६११.३९, यस वर्षको प्राप्ति रू. (१०,८२,७६,४६८.३०),यस वर्षको भुक्तानी रू. (९,७८,३०,३६२.००) र बैङ्क मौज्दात रू. ११,३५,५०५.२० फरक परेको छ । सूत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सूत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ७,४३,४३,६८०.४६ | ४२,१२,४५,१४६.९८ | ४४,३६,२३,७१९.५२ | ५,१९,६५,१०७.९२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६,२७,६२,०६८.९६ | ५२,९५,२१,६१५.२८ | ५४,१४,५४,०८१.५२ | ५,०८,२९,६०२.७२ |
| **फरक** | **१,१५,८१,६११.३९** | **(१०,८२,७६,४६८.३०)** | **(९,७८,३०,३६२.००)** | **११,३५,५०५.२०** |

उपरोक्त विवरणअनुसार सूत्रको वार्षिक प्रतिवेदन र पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरणमा प्राप्ति र भुक्तानीमा फरक पर्नुमा संघबाट प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम, एकीकृत स्वास्थ्य पूर्वाधारलगायतको अभिलेख सूत्रमा समावेश नभएको प्रतिक्रिया दिएको छ । त्यस्तै, सूत्रको प्राप्ति भुक्तानी हिसावको वर्षान्तको बाँकी रकम रू. ५,१९,६५,१०७.९२ देखिएकोमा अनुसूची २४ बैङ्क तथा नगद बाँकीमा खाताअनुसार बाँकी रू. ५,०८,१४,६०७.९२ देखिन्छ भने बैङ्कअनुसार रू. ५,०८,२९,६०२.७२ रहेको छ । अनुसूची २४ मा स्रेस्ता र बैङ्कबीच फरक परेको रू. १४,९९४.८० आर्थिक वर्षको अन्त्यमा विद्युतीय भुक्तानी रिजेक्ट भएकोले बढी भएको र पालिकाले बैङ्क बाँकीमा फरक परेको रू. ११,३५,५०५.२० सूत्रमा रिभर्स भौचर बनाउँदा आम्दानी रकम नघटेको हुँदा फरक पर्न गएको पालिकाले प्रतिक्रिया दिएको छ । यससम्बन्धमा सम्बन्धित पालिकाले यकिन गरी सूत्रको प्राप्ति भुक्तानी हिसाबअनुसार बैङ्क तथा नगद बाँकी विवरणलाई मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू. ६,२७,६२,०५५.९६ मौज्दात रहेकोमा यो वर्ष रू. ७,४३,४३,६८०.४६ जिम्मेवारी सारेको छ । जसअनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू. १,१५,८१,६२४.५० बढी जिम्मेवारी सारेको हुदाँ पालिकाले यस सम्बन्धमा यकिन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७ **कर दायित्व-**

*✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१४ को निर्णयबाट रू. ३५,१६०।- सम्परीक्षण गरिएको ।)*

८ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडानसमेत गर्नुपर्दछ । पालिकाले सूत्रमा बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात फरक परेको र म.ले.प.फा.नं.२७२ को अनुसूची २४ बैङ्क तथा नगद बाँकीको विवरण अनुसूचीमा संलग्न रहेको देखिन्छ। उक्त विवरणअनुसार उल्लिखित फरक रकममध्ये ग ४.१, स्थानीय तह सञ्चित कोष खातामा स्रेस्ताभन्दा बैङ्कमा बढी देखिएको रकम रू. १४,९९४.८० आर्थिक वर्षको अन्त्यमा ग २.२, चालू खर्च खाता- जोर वर्षबाट EFT मार्फत् खर्च लेखिएकोमा सम्बन्धितको खातामा EFT Reject भई रकम जम्मा नभएको र उक्त खातामा बाँकी रकम आर्थिक वर्षको अन्त्यमा सञ्चित कोष खातामा सारिएको हुँदा फरक हुन गएको पालिकाले जनाएको छ । साथै, बैङ्क स्टेटमेन्टअनुसार आर्थिक वर्षको अन्त्यमा ग ५.१, विविध कोष खातामा रू. ५,००,०००.०० र लैंगिक हिंसा निवारण कोष खातामा रू. १,००,०००.०० गरी जम्मा रू.६,००,०००.०० बचत रहेको देखिन्छ भने उक्त रकम सूत्रमा समावेश भएको छैन । अतः लैंगिक हिंसा निवारण कोष खातालाई बन्द गरी विविध कोष खातामा आम्दानी बाँध्ने, विविध कोष खातालाई सूत्रमा आबद्ध गर्ने र हिसाब मिलान नभएकोमा पालिकबाट यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा ८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

९ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय तहको सञ्चित कोषमा स्वतः रकम स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले तोकिएको अवधिमा नै चालु खर्च खाता, पुंजीगत खर्च खाता, आन्तरिक राजस्व खाता, राजस्व बाँडफाँट खातामा खर्च भई बाँकी मौज्दात रकम सञ्चित कोष खाता स्थानान्तरण गरी उक्त खाताहरूको मौज्दात शून्य गरेको पाइयो ।

सैद्धान्तिक बेरुजु

१० **अनुदान रकम फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ (१) तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ (१) बमोजिम सङ्घीय वा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले सङ्घीय वा प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने

व्यवस्था छ । पालिकाको सूत्रबाट प्राप्त प्रतिवेदनअनुसार २०८० असार मसान्तभित्र खर्च भई बाँकी रहेको संघ तथा प्रदेशतर्फ देहायबमोजिमको अनुदान रकम सङ्घीय तथा प्रदेश सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ ।

| क्र.सं. | अनुदानको शीर्षक | फिर्ता गर्नुपर्ने रकम रू. | फिर्ता गरेको रकम रू. | फिर्ता गर्न बाँकी रकम रू. |
|---|---|---|---|---|
| १ | संघ ससर्त चालु/ पुँजीगत/ विशेष/ समपुरक अनुदान | ४,३२,८५,२३३.३६ | ४,३२,८५,२३३.३६ | बाँकी नभएको |
| २ | प्रदेश ससर्त चालु/ पुँजीगत/ समपुरक अनुदान | २८,९८,३१५.०० | २८,९८,३१५.०० | बाँकी नभएको |

सैद्धान्तिक बेरुजु

११ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ। पालिकाको आर्थिक वर्ष २०७९/८० को २०७९ माघ महिनासम्मको सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण कचनकवल गाउँपालिका, झापाका आन्तरिक लेखापरीक्षक श्री प्रभाकर आचार्यबाट गराएको छ भने बाँकी अवधिको गराएको छैन । तसर्थ आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराको पूर्ण कार्यान्वयन गर्ने तथा कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधारअन्तर्गत् सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले वि.सं. २०७५ सालमा गाउँपालिकाको आवधिक योजना तयार गर्ने क्रममा वस्तुगत विवरण तयार गरेकोबाहेक स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको वा अद्यावधिक गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सो को सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। सूत्रबाट प्राप्त म.ले.प.फा.नं. २७२ को अनुसूची ११ अनुसार आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. ८१ लाख १५ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू. ५८ लाख ०४ हजार अर्थात अनुमानभन्दा करिब ७१.५२ प्रतिशत बढी

आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

१४ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९/८० मा केन्द्रीय अनुदान (समानीकरण अनुदान) बाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहायबमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ८,१०,६२,८२८.०० | ५८,०४,९४७.०२ | ७.१६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदान (समानीकरण अनुदान) बाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.१६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१५ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाले तयार गरेको आम्दानीको एकीकृत विवरणअनुसार ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति स्पष्ट खुल्ने गरी विवरण अद्यावधिक गरेको देखिएन । पालिकाभित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवम् बुझाउन ल्याएको अवस्थामा मात्र कर एवम् शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । साथै, पालिकाले उपरोक्त आय शीर्षकमा अनुमान गरेको राजस्वभन्दा कमी राजस्व असुली भएको देखिन्छ भने पालिकाले सम्पत्ति करको कार्यान्वयन गरेको देखिदैंन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा अभिवृद्धि गर्ने, सम्पत्ति करको कार्यान्वयन गर्ने तथा सम्बन्धित आय शीर्षकमा यथार्थ आय अनुमान गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **राजस्व अभिलेख -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तीय अधिकारक्षेत्रसम्बन्धी व्यवस्था छ । कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले नगदी रसिदको प्रयोग नगरी अनलाइन राजस्व सफ्टवेयर प्रणालीमार्फत् पालिका र वडाहरूबाट मालपोतलगायतका कर राजस्व संकलन गरेको देखिन्छ । पालिकाको आन्तरिक राजस्व खातामा व्याकहो लोडर भाडामा लगाउँदा प्राप्त भएको आम्दानीलगायत अन्य आम्दानी सोझै जम्मा हुने गरेकोमा उक्त राजस्वलाई अनलाइन प्रणालीमा अभिलेख अद्यावधिक गरेको पाइएन । पालिकाबाट लेखापरीक्षणमा पेश भएको आन्तरिक राजस्व खाताको विवरणअनुसार उक्त खातामा रू. ८०,१४,२१५.५६ आम्दानी भएको देखिन्छ भने अनलाइन राजस्व सफ्टवेयर प्रणालीको प्रतिवेदनअनुसार रू. ३०,९७,९४९.७४ मात्र आम्दानी भएको देखिन्छ । पालिकाको वडाअनुसार अनलाइन राजस्व सफ्टवेयर प्रणालीमा प्राप्त रकम र सूत्रमा आम्दानी बाँधिएको आम्दानी रकममा फरक देखिएको हुँदा वडाबाट संकलन भएको सम्पूर्ण राजस्व रकम आन्तरिक राजस्व खातामा

जम्मा भएको हो वा होइन भनी यकिन गर्न सकिएन । पालिकाले यसको सम्बन्धमा तहाँ पालिकाबाटै छानविन गरी यथार्थ विवरण तयार गर्नुपर्दछ । आगामी दिनमा पालिकाले राजस्व असूलीलाई स्वचालित प्रणालीमार्फत् व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । यस सम्बन्धमा देखिएका व्यहोराहरू देहायबमोजिम रहेका छन्-

- पालिकाले नगदी र मालपोत रसिदको प्रयोग नगरी अनलाइन राजस्व प्रणालीको प्रयोग गरिएको पाइयो ।
- पालिकाबाट प्रदान गरिने सेवा प्रवाहलगायतका सिफारिसहरूलाई राजस्वको भौचरसँग अन्तरआबद्धता हुने गरी सफ्टवेयर प्रणालीको विकास गरिएको छैन ।
- पालिकाको राजस्व सफ्टवेयरको वडाअनुसार आम्दानी प्रतिवेदन र सूत्रको प्रतिवेदनमा फरकपना देखिएकोले वडाको सबै आम्दानी दाखिला भएको सम्बन्धमा यकिन हुन सकिएन । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गरी जोडजम्मा गर्दा वडा नं. ३ ले आम्दानी गरेभन्दा कम दाखिला गरेको रू. ८,३२२.८४ र जेसिबीको आम्दानी रू. ३३,५००.०० लेखापरीक्षणको क्रममा आन्तरिक राजस्व खातामा दाखिला गराइयो ।
- ऐनको दफा ५५ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउने व्यवस्था भएकोमा हालसम्म पालिकामा सम्पत्ति कर कार्यान्वयन भएको देखिएन ।
- ऐनको दफा ५८ बमोजिम पालिकाभित्र सञ्चालित सबै व्यवसाय दर्ता नभएको, दर्ता भएका व्यवसायहरूको अभिलेख अद्यावधिक नभएको र सबै व्यवसायीबाट व्यवसाय करसमेत संकलन भएको देखिएन ।
- पालिका र अन्तर्गतका वडाहरूबाट सफ्टवेयर प्रणालीबाट संकलन गरिएको राजस्व ढिला गरी जम्मा गर्ने गरेको पाइयो । जस्तोः पालिकामा संकलित राजस्व रकममध्ये रू. ६ लाख ८९ हजार ९२५ आर्थिक वर्षको अन्तिम दिन (असार ३१) गते जम्मा गरेको पाइयो ।

तसर्थ पालिकाले आगामी दिनमा एकद्वार प्रणालीबाट राजस्व संकलन गर्ने, रसिद नियन्त्रण खाताको पारदर्शी र प्रभावकारी व्यवस्थापन गर्ने, संकलित राजस्व रकम कानुनमा तोकिएको समयमा नै बैङ्क जम्मा गर्नेलगायतका क्षेत्रमा सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू. ३१,५००.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क -** प्रदेश आर्थिक ऐन, २०७९ को दफा ६ मा पालिकाले आफ्नो क्षेत्रभित्र ढुंगा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित कानुनबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नुपर्ने र सोको आधारमा प्रदेशभित्रको प्राकृतिक स्रोत संकलन तथा बिक्रीबापत ऐनको अनुसूची-४ बमोजिम शुल्कको संकलन सम्बन्धित पालिकाले गर्नुपर्ने तथा संकलित रकम स्थानीय

विभाज्य कोषमा जम्मा गरी चालिस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रचलित कानुनबमोजिम दहत्तर बहत्तरबाहेक प्राकृतिक स्रोत (ढुंगा, गिटी, बालुवा, माटो) को संकलन गर्न वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गराएको छैन । पालिकामा सञ्चालित योजनाहरूमा प्रयोग हुने ढुंगा, गिटी, बालुवा र माटोलगायतका प्राकृतिक स्रोत सामग्री पालिका क्षेत्रभित्रबाट नै उपयोग हुने गरेको देखिन्छ भने यसरी प्रयोग भएको प्राकृतिक स्रोत सामग्रीको संकलन तथा बिक्री शुल्कबापत प्रदेश कानुनबमोजिम उठाउनु पर्ने शुल्कसमेत नउठाएको छैन । आगामी दिनमा कानुनबमोजिम प्राकृतिक स्रोतको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी ठेक्कामार्फत् तोकिएको शुल्क उठाउनु पर्ने र ठेक्का प्रकृयामा नगएसम्म पालिकाको प्राकृतिक स्रोत सामग्री उपयोग भएमा बिल भुक्तानी गर्दा नापी किताबमा उल्लिखित परिमाणमा अनिवार्यरूपमा सम्बन्धितबाट ऐनमा तोकिएको शुल्क उठाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **राजस्व बाँडफाँट -**

*...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रदेश सञ्चित कोषमा दाखिला भएको आधारमा मिति २०८०।११।१४ को निर्णयबाट रू. ५७२,८१४।- सम्परीक्षण गरिएको ।)*

२० **दहत्तर बहत्तर संकलनको परिमाण -** पालिकाले गाउँपालिकामा अवस्थित विभिन्न खोलाहरूबाट नदीजन्य निर्माण सामग्री उत्खनन् तथा संकलन कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनअनुसार देहायका विभिन्न खोलाहरूबाट उत्खनन्योग्य नदीजन्य सामग्रीको परिमाण यकिन गरेको छ । प्रतिवेदनमा अनुगमन तथा व्यवस्थापन योजनाअन्तर्गत आधाररेखा अनुगमन, पालना अनुगमन, प्रभाव अनुगमनका विषयवस्तुहरू उल्लेख गरिएका छन् । प्रत्येक महिना जिल्ला समन्वय समिति र पालिकाले तोकिएको परिमाणभन्दा बढी संकलन गरेको छ वा छैन भनि श्रोत जाँच तथा निरीक्षण गर्नुपर्ने उल्लेख रहेको छ । पालिकाले वातावरणीय अध्ययन प्रतिवेदनअनुसार देहायको स्थानहरूबाट ६५१० घनमिटर नदिजन्य सामग्री उत्खनन् गर्न सकिने उल्लेख भएकोमा तमोर खोला त्रिवेणी पुलको १०३८ घनमिटरबाहेक ५४७२ घनमिटर उत्खनन् तथा बिक्रीका लागि लागत अनुमान रू. ९,१६,९९७.७६ (भ्याटबाहेक) स्वीकृत गरी पहिलो पटक सूचना आव्हान गरेकोमा कुनै पनि फर्मको आवेदन नपरेको र पुनः दोस्रो पटक सूचना आव्हान गरेकोमा गरेको देखिन्छ । पालिकाको सूचनाअनुसार श्री हिमालय कन्स्ट्रक्सन, फुङलिङ-४, ताप्लेजुङसँग भ्याटसहित रू. १०,३६,४९०.५७ (भ्याट रू. ११९२४२.२७) मा कवोल गरेको हुँदा मिति २०७९।०७।१७ गते उक्त फर्मसँग सम्झौता गरी कार्यदेश दिइएको देखिन्छ । वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको परिमाणअनुसार ठेकेदारले नदीजन्य सामग्री उत्खनन गरे नगरेको सम्बन्धमा पालिकाले कुनै पनि अनुगमन प्रतिवेदन तयार नगरेको हुँदा सो सम्बन्धमा यकिन गर्न सकिएन । अतः पालिकाले प्रतिवेदनमा उल्लेख भएबमोजिमको परिमाण उत्खनन् भए नभएको परिमाण यकिन गर्ने तथा सोबाट पर्न गएको प्रभावसम्बन्धमा अनुगमन गरी कानुनको कार्यान्वयन प्रभावकारीरूपमा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा २० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

२१ **राजस्व दाखिला नभएको -**

*...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई राजस्व दाखिला भएको आधारमा मिति २०८०।११।१४ को निर्णयबाट रू. २३६,४९१।- सम्परीक्षण गरिएको ।)*

२२ **योजनाको प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनोट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाको सूत्रबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०७९/८० मा देहायबमोजिम ७ वडाको लागि संशोधित वडास्तर र पालिकास्तर गरी कुल २०० योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना संख्या | रू. २० लाखमाथिका योजना संख्या | रू. ५ लाखदेखि २० लाखसम्मका योजना संख्या | रू. ५ लाखभन्दा कमका योजना संख्या | योजना कार्यान्वयन नभएका संख्या |
|---|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ६८ | १५ | २४ | २९ | ५३ |
| २ | वडास्तरीय | १३२ | ० | १८ | ११४ | ७ |
| जम्मा | | २०० | १५ | ४२ | १४३ | ६० |

उपर्युक्त विवरणअनुसार पालिकाले कुल योजनामध्ये ७१.५० प्रतिशत योजना पाँच लाखभन्दा साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पूर्वाधार विकास क्षेत्रका लागि पारित गरेका उल्लेखित योजनामध्ये पालिकाबाट १४० वटा योजना कार्यान्वयन भई ६० वटा योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनोट गरी वितरणमुखी योजनालाई न्युनीकरण गर्ने र सो को प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न अध्यक्षको संयोजकत्वमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्नेजस्ता कार्यहरू प्रत्येक वर्षको वैशाख दशगतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक वर्षको वैशाख पन्ध्र गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले अध्यक्षको संयोजकत्वमा समितिको गठन भएको भएपनि ऐनमा व्यवस्था भएअनुसार स्रोत अनुमान तथा बजेट सीमा निर्धारणसम्बन्धी कार्य गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपणसम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवम् सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र बजेट सीमामा आधारित भई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न उपाध्यक्षको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठनको व्यवस्था छ । उक्त समितिले आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत रूपमा छलफल गरी कार्यपालिकामा पेश गर्ने तथा योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले उपाध्यक्षको संयोजकत्वमा समिति गठन गरेको भएता पनि बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत रूपमा छलफल गरी कार्यपालिकामा पेश गर्ने तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गरेको छैन । आगामी दिनमा पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष श्री सुमित्रा उप्रेति सेढाईले मिति २०७९।०३।१० मा रू. ५० करोड ८३ लाख ९२ हजार ४०० को बजेट सभासमक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।२३ मा पारित भएको छ । यसैगरी पालिकाका अध्यक्ष श्री समर बहादुर अधिकारीले मिति २०७९।०४।०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । यसरी पारित भएको बजेट तथा कार्यक्रमलाई आर्थिक वर्षभित्र सम्पन्न गरिसक्ने गरी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **बजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष विविध कोष शीर्षकमा रू. १० लाख अबण्डा बजेट व्यवस्था गरी विभिन्न शीर्षकमा खर्च गरेको छ । बजेट अबण्डामा राखी तोकआदेश वा कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । पालिकाले २०७६ सालमा पाँच वर्षे (आ.व. २०७६/०७७-२०७०/०८१) प्रथम आवधिक योजना तयार गरेकोमा प्राप्त भएको योजनाको हेर्दा केही ठाउँहरू खाली समेत रहेको देखिन्छ । पालिकाले आवधिक योजना तयार गरेको भएतापनि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यको कार्यान्वयन हुने गरी वार्षिक बजेट तथा कार्यक्रम तयार नगरी सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । आवधिक योजनाको सोच

तालिका र कार्यान्वयन योजनामा आधारित रही वार्षिक अनुगमन कार्यान्वयन योजना तर्जुमा गरी सोको कार्यान्वयन स्थलगत अनुगमन, आवधिक योजनाको लक्ष्य र प्रगतिबीच तुलना, नागरिक अनुगमन, योजनाको मध्यावधि समीक्षा र सहभागितामूलक अन्तिम समीक्षा (तेस्रो पक्षबाट मूल्याङ्कन) विधिबाट गरिनुपर्ने उल्लेख भएकोमा सोहीअनुसार अनुगमन तथा समीक्षा समेत भएको छैन । तसर्थ स्थानीय तहको समग्र विकासका लागि तर्जुमा भएको आवधिक योजनाको सोच, लक्ष्य, सूचक र उद्देश्यअनुरुप वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सोको कार्यान्वयन गर्न प्रभावकारी अनुगमन तथा समीक्षा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यान्वयन गर्ने कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण पेश गर्ने र नियम ३६ बमोजिम प्रगति विवरण प्राप्त भएपछि त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्ने र समीक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि कदम चाल्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको त्रैमासिक तथा वार्षिक लक्ष्य र प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा त्रैमासिक तथा वार्षिक लक्ष्य र प्रगति विवरण तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । पालिकाको सूत्रबाट प्राप्त कार्यक्रमगत खर्च विवरणअनुसार विभिन्न शीर्षकमा भएको वित्तीय प्रगति देहायबमोजिम रहेका छन्-

| खर्च शीर्षक | योजना संख्या | कुल बजेट रकम (रू. हजारमा) | वार्षिक वित्तीय प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|---|
| | | | शून्य प्रगति | २५%-५०%सम्म प्रगति | ५०%-९०% सम्म प्रगति | ९०% भन्दामाथिको प्रगति |
| गाउँपालिका | २०२ | १४७२२५ | २२ | २ | २३ | १५४ |
| सङ्घीय शसर्त अनुदान | ७ | २२६२२ | १ | ० | ३ | ३ |
| सङ्घीय विशेष अनुदान | ० | ० | ० | ० | ० | ० |
| सङ्घीय समपुरक अनुदान | १ | ११००० | ० | ० | १ | ० |
| प्रदेश शसर्त अनुदान | २ | १६०० | ० | ० | ० | २ |
| प्रदेश समपुरक अनुदान | १ | १०००० | ० | ० | १ | ० |

पालिकाले विनियोजित बजेट तथा कार्यक्रमको लक्ष्य र प्रगति प्राप्त गर्न तोकिएको समय अवधिभित्र उक्त योजनालाई गुणस्तरीय र प्रभावकारीरूपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षकअन्तर्गत वार्षिक रू. १० करोड ८९ लाख ३३ हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली

नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **क्षेत्रगत बजेट र खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनबमोजिम स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगतरूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको सूत्रबाट प्राप्त प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७८।७९ मा देहायबमोजिम क्षेत्रगत बजेट र खर्चको स्थिति रहेको देखिन्छ ।

रू. हजारमा

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | खर्च प्रतिशत | कुल खर्चमध्ये क्षेत्रगत खर्च प्रतिशत |
|---|---|---|---|---|
| आर्थिक विकास | २१६३५.०० | १७८८६.०० | ८२.६७ | ४.१६ |
| सामाजिक विकास | २८६२२२.०० | २४०३६६.०० | ८३.९८ | ५५.९२ |
| पूर्वाधार विकास | १४२६०६.०० | ९८५३४.०० | ६९.०९ | २२.९२ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १७९१५.०० | १२३१२.०० | ६८.७२ | २.८६ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ७४१६३.०० | ६०७२७.०० | ८१.८८ | १४.१३ |
| जम्मा | ५४२५४१.०० | ४२९८२५.०० | ७९.२२ | १००.०० |

पालिकाले योजना तर्जुमा गर्दा आर्थिक विकास सामाजिक विकास पूर्वाधार विकास तथा सुशासनलगायत अन्य क्षेत्रमा दिगो र छिटो प्रतिफल प्राप्त हुने गरी समानुपातिक रूपमा बजेट विनियोजन गर्ने र सो को कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **वजेट रकमान्तर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०७९ को दफा ३ अनुसार एक शीर्षकबाट अर्को शीर्षकको जममा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकमा रकम सार्न गाउँ सभाको स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कार्यपालिकाको निर्णयबाट ३४ वटा योजना संशोधन गरी ५२ वटा थप योजनामा रू. ४ करोड ६९ लाख ८५ हजार रकमान्तर गरी खर्च गरेको र उक्त निर्णय गाउँ सभाबाट समेत अनुमोदन गरिएको छ । उक्त रकम कुल वजेटको तुलनामा ९.२४ प्रतिशत रहेको छ । पालिकाले आगामी वर्षमा योजना टुक्रा गरी एक शीर्षकबाट अन्य शीर्षकमा वजेट रकम रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

सैद्धान्तिक बेरुजु

३२ **त्रैमासिक खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण बनाई केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने, केन्द्रीय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाको सूत्र (SuTRA) सफ्टवेयरबाट प्राप्त त्रैमासिक प्रतिवेदनअनुसार पुँजीगत खर्चको स्थिति अनुसूचीमा संलग्न भएबमोजिम रहेको छ । प्राप्त विवरणको विश्लेषण गर्दा कुल पुँजीगत खर्चमा विनियोजन भएको

बजेटमा ७१.२६ प्रतिशत मात्र खर्च भएको छ । कुल खर्चमध्ये चौथो त्रैमासिकमा मात्र कुल खर्चको ७८.२९ प्रतिशत र आषाढ महिनामा मात्र कुल खर्चको ५१.१८ प्रतिशत खर्च भएको देखिन्छ । पालिकामा लामो समयसम्म आर्थिक अख्तियारी प्राप्त कर्मचारी नभएको हुँदा अन्तिम समयमा धेरै खर्च हुन नसकेको प्रतिक्रिया दिएको छ । यसरी पालिकाले अन्तिम त्रैमासिकमा मात्र सबैभन्दा बढी खर्च हुनु र असार महिनामा आधाभन्दा बढी खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत प्रभाव पर्न सक्छ । त्यसैले पालिकाले त्रैमासिकरूपमा निर्धारित गरिएको लक्ष्य र समयभित्र कार्य सम्पादन गर्नुपर्दछ । विकास निर्माण सबै जसो कार्य आर्थिक वर्षको अन्त्यमा हुनुले वर्षान्तमा हतारमा काम गर्नुपर्ने तथा प्राविधिक मूल्याङ्कन गरी भुक्तानी गर्नुपर्ने देखिएकाले कामको गुणस्तरमा समेत हुन नसक्ने भएकोले वर्षान्तको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा ३२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

३३ **खर्च विश्लेषण -** पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रू. ८० लाख १४ हजार, राजस्व बाँडफाँटबाट रू. ७ करोड ५७ लाख ९४ हजार र अनुदानबाट रू. ३७ करोड ७४ लाख ३८ हजारसमेत रू. ४६ करोड १२ लाख ४६ हजार आम्दानी भएकोमा चालुतर्फ रू. २९ करोड २६ लाख ७२ हजार र पुँजीगततर्फ रू. १३ करोड ७१ लाख ५५ हजारसमेत रू. ४२ करोड ९८ लाख २८ हजार खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा १.८६ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रू. ६७ लाख ७७ हजार खर्च भएको छ जुन आन्तरिक आयको ८४.५६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६३.४५ प्रतिशत चालु र ३६.५४ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरूपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **गत विगतको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्वमध्ये आगामी वर्षमा भुक्तानी गर्नु पर्ने रकम तथा विगत वर्षमा भुक्तानी हुन बाँकी रकम समावेश गरेर बजेट प्रस्ताव गर्नु पर्ने व्यवस्था छ । पालिकाले विगत वर्षमा भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) बमोजिमको रकम कार्यपालिका र सभाको निर्णयानुसार चालु आ.व. को बजेटमा समावेश गरी देहायबमोजिमको २८ योजनाहरूमा रू. १,२६,७१,३७३.०० भुक्तानी दिएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वलाई मात्र विगत वर्षमा भुक्तानी दिन बाँकीको योजनामा समावेश गरी बजेट निर्माण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| क्र.सं. | योजनाको नाम | भुक्तानी भएको रकम रू. |
|---|---|---|
| १ | २०७८।०७९ को सामाजिक सुरक्षा कर | २०,७२७.०० |
| २ | वडा नं. १ को वडा कार्यालय भवन निर्माण भुक्तानी दायित्व | ५४,२१,२४२.०० |
| **जम्मा** | | **१,२६,७१,३७३.००** |

ऐनको प्रावधानअनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वलाई मात्र विगत वर्षमा भुक्तानी दिन बाँकीको योजनामा समावेश गरी बजेट निर्माण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छद ७ मा भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था गरिएको छ । ऐनमा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, नक्सा पास गर्ने, राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने, राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्बन गर्नुपर्ने र सडकको अधिकारक्षेत्र तोक्न सक्नेलगायतका व्यवस्थाहरू रहेका छन् । उपरोक्तबमोजिम ऐनले दिएको अधिकारको कार्यान्वयन गर्न तथा भवन ऐन, २०५५ बमोजिम भवनको वर्गीकरण गर्न पालिकाले भवन निर्माणसम्बन्धी मापदण्ड तर्जुमा गरेको छैन भने गाउँपालिका सडक गुरुयोजना निर्माण गरेको छ । अतः पालिकाले तर्जुमा गरेको गुरुयोजनाको पूर्ण कार्यान्वयन गर्ने तथा बाँकी मापदण्ड तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य गरेको छैन । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २८ जना स्थायी कर्मचारी र ५० जना करार कर्मचारी कार्यरत रहेका छन् । पालिकाको कामको प्रकृति, आवश्यक र राजस्व क्षमताको आधारमा संगठन र जनशक्ति व्यवस्थापन कार्य गर्नुपर्दछ । साथै, पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणपछि दरबन्दी समायोजन गर्ने तथा रिक्त हुने पदमा प्रदेश लोक सेवा आयोगमार्फत पदपूर्ति गरी पालिकाको समग्र सेवा प्रवाहलाई प्रभावकारी बनाउने र कर्मचारीहरूलाई प्रदान गर्ने भत्तामा मितव्ययीता अपनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **कर्मचारी कल्याण कोष -** पालिका वा पालिकाअन्तर्गत कार्यरत कर्मचारीहरूको सामाजिक सुरक्षा सुनिश्चित गरी कर्मचारीको हकहित र कर्मचारीलाई सेवा प्रवाहप्रति उत्तरदायी र प्रोत्साहित गर्न कर्मचारी कल्याण कोषसम्बन्धी कानुन बनाई सोको कार्यान्वयन गर्नुपर्दछ । तर पालिकाले कर्मचारी कल्याण कोषसम्बन्धी कानुनको तर्जुमा गरेको छैन । पालिकाले कर्मचारी कल्याण कोष खर्च शीर्षकमा बजेट रू. १० लाख विनियोजन गरेको भएपनि कोष स्थापना गरी सो कोषमा रकम जम्मा गरेको छैन । पालिकाले यससम्बन्धी कानुनको निर्माण गरी कोषको स्थापना र खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९ स्वास्थ्य सेवा ऐन २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ शिक्षा ऐन २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ९ जना कर्मचारीको रू. ४९,९७,२१५.०० र पालिकाका २६ जना कर्मचारीको रू. १,३१,५८,९९१.०० समेत रू. १,८१,५६,२०६.०० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी

खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(७) मा पालिकाले आफ्नो अधिकार क्षेत्रका काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानुन, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०७९ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तर्जुमा गरेको छ । तर, पालिकाले कानुनको पूर्ण कार्यान्वयन नगरी निवेदनमा तोकआदेश गरी वा कार्यपालिकाको निर्णयबाट स्वास्थ्य उपचार र विपदमा विभिन्न २६ वटा संघसंस्था र व्यक्तिहरूलाई रू. ९ लाख ६७ हजार आर्थिक सहायता वितरण गरेको छ। आगामी दिनमा पालिकाले आर्थिक सहायता परिचालनलाई छिटो, छरितो, मितव्ययी र पारदर्शी बनाई वास्तविक पिडितलाई राहत प्रदान गर्नका लागि आर्थिक सहायता परिचालनसम्बन्धी कार्यविधि बनाई लागू गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईजस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था भएकोमा सोही बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्धन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **कानुन र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमुना कानूनहरू समेत बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३१ वटा ऐन, ३ वटा नियमावली, ३४ वटा कार्यविधि, २ वटा निर्देशिका र १ वटा नर्म्सलगायत ७० वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । साथै पालिकाले निर्माण गरेका कानुनहरूमध्ये केही कानुनहरू सभा तथा कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानुनहरू राजपत्रमा प्रकाशन गरेको छैन भने सबै कानुनलाई पालिकाको वेभसाइटमा समेत राखेको छैन । तसर्थ उक्त कानुनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ र वेभसाइटमा समेत अद्यावधिक गरी प्रकाशन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४२ **सेवा प्रवाह -** नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसारका सेवाहरू पालिकाले आम नागरिकलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्रभित्रका नागरिकता सिफारिस घरबाटो सिफारिस नाता प्रमाणित व्यक्तिगत घटना दर्ता (जन्म मृत्यु विवाह दर्ता बसाई सराई सम्बन्ध विच्छेद) लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी सो को अभिलेख राख्नुपर्दछ। पालिकाबाट प्रवाहित सेवाहरूको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ८६७ | ८६७ | |
| २ | घरबाटो सिफारिस | ३१० | ३१० | |
| ३ | नाता प्रमाणित | ३७६ | ३७६ | |
| ४ | व्यक्तिगत घटना दर्ता | २०९२ | २०९२ | |
| ५ | अन्य | ४७० | ४७० | |

पालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाइ सेवा प्रवाहको अद्यावधिक अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **फोहोरमैला व्यवस्थापन -** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहोरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने र दफा १२ मा पालिकाले फोहोरमैला व्यवस्थापन स्थल तोक्नुपर्ने व्यवस्था रहेको छ । पालिकाभित्र उत्पादन हुने फोहोरमैलाको व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइट नभएको हुँदा उत्पादित फोहोरमैलाको व्यवस्थापन दिगो रूपमा व्यवस्थापन हुन सकेको छैन । पालिकाले फोहोरमैला व्यवस्थापनसम्बन्धी नीतिको तर्जुमा गरेको छैन । पालिकाले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । पालिकाले फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैलालाई स्रोतमा नै कमी गर्ने, पुनः प्रयोग गर्ने र पुनः चक्रिय प्रणालीको अवलम्बन गर्न नागरिक जनचेतना अभिवृद्धि गरी दिगो रूपमा फोहोरमैला व्यवस्थापन गर्न स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्ने, वैज्ञानिकरूपमा प्रशोधन कार्य गर्नेलगायत फोहरमैलाको वर्गीकरण गरी फोहरमैलाको उचित व्यवस्थापनमार्फत् पालिकाको पर्यावरणलाई स्वच्छ राख्न ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियासम्बन्धी व्यवस्था गरेको छ । समितिले विवादका दुवै पक्ष उपस्थित भएको तीन महिनाभित्र मेलमिलापबाट विवादको समाधान गर्नुपर्ने र समाधान हुन नसकेमा विवाद समाधानको लागि अदालतमा तत्सम्बन्धी मिसिल तथा कागजात पठाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार समितिको उजुरी दर्ता र फस्यौंटको विवरण देहायबमोजिम रहेको छ ।

सैद्धान्तिक बेरुजु

४५ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था अनुसूचीमा संलग्न गरिएको छ । पालिकामा रहेको सम्पत्तिको उचित

संरक्षण र प्रभावकारी उपयोग गर्ने तथा पालिकामा अभिलेख नभएका सम्पत्तिहरूको खोजी गरी अभिलेखाङ्कन गर्नेतर्फ पालिकाले विशेष ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा ४५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

४६ **पेस्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा सरकारी कामकाजको लागि पेस्की दिएको रकम सोही आर्थिक वर्षभित्र फस्यौंट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फस्यौंट हुन बाँकी पेस्कीको विवरण तयार गर्ने, पेस्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा फस्यौंट हुन बाँकी पेस्की रकमलाई अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पेश गरेको फस्यौंट गर्न बाँकी पेस्कीको मास्केवारी (म.ले.प.फा.नं. २११) अनुसार अनुसूचीमा संलग्न कर्मचारी, ठेकेदार, संस्था तथा व्यक्तिलाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रू.२,५२,५९,३३३.०० बाँकी रहेको देखिन्छ । बाँकी रहेकोले उक्त पेस्की नियमानुसार फस्यौंट गर्नुपर्दछ ।

*(प्रारम्भिक प्रतिवेदन उपर पेस्की फस्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१४ को निर्णयबाट रू. १,५१,०००।- सम्परीक्षण गरिएको ।)*

*(विस्तृत विवरण बेरूजु दफा ४६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

४७ **सहकारी नियमन -** सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरूको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिकाभित्र देहायबमोजिमका २३ वटा सहकारी संस्थाहरू दर्ता भएका छन् । पालिकाभित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा ९ वटा सहकारीहरूको विवरण रहेको र अन्यको विवरण दाखिला गरेको पाइएन । पालिकामा दर्ता भएका सबै सहकारीहरू प्रणाली आबद्ध नहुनु तथा नियमित अनुगमन निरीक्षण नहुदाँ पालिकाका सञ्चालित सहकारीको सञ्चालन अवस्थाबारे थप अध्ययन गर्न सकिएन । तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **अनुत्पादक खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययितासम्बन्धी मापदण्ड तर्जुमा गरी लागू गरेको छैन । पालिकाले जेष्ठ नागरिक सम्मान कार्यक्रममा मिश्री रू. ४२७००, दोसल्ला रू. ८२८७५ लगायत खरिद गरी वितरण गर्दा रू. २१०००० खर्च गरेको छ । आगामी दिनमा

पालिकाले यस्तो अनुत्पादक, प्रतिफल प्राप्त नहुने खर्चमा नियन्त्रण गरी मितव्ययिता अपनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **इन्धन खर्च -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्नेसम्बन्धी नीतिगत मार्गदर्शन,२०७५ मा सवारी साधनको इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने सरकारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी कार्यालय प्रयोजन इन्धन शिर्षकबाट यस वर्ष रू. २३७९००० खर्च गरेको छ । कार्यालयले इन्धन मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फर्स्यौट गर्नुपर्दछ । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगबुक राखेर मात्र खर्च लेख्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५० **मर्मत खर्च -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा म.ले.प.फा.नं ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष चारपाङ्ग्रे सवारी साधन १, मोटरसाइकल ३१, व्याकहो लोडर १ लगायत सवारी साधन र कार्यालयको कम्प्युटर तथा अन्य मेशिनरी औजारको मर्मतमा रू. २२,५१,०००.०० खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत संरक्षण अभिलेख खाता राखेको पाइएन । आगामी दिनमा पालिकाले कानुनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५१ **भाडामा लिएको दिएको सम्पत्तिको अभिलेख किताब -** भाडामा प्रयोग भएका सामानहरूको आय व्ययको नियन्त्रण र अभिलेख राख्न म.ले.प. फारम नं. ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न प्रयोजनको लागि घर, सामान र गाडी भाडा बापत रू. ८२३००० खर्च गरेको छ । पालिकाले सम्पत्ति अभिलेख किताब नराखेकोले भाडामा भएको खर्च रकम नियन्त्रण भएको देखिएन । साथै कार्यालयले भाडा सम्झौतामा स्पष्ट प्रयोजन नखुलेको स्वीकृत म.ले.प. फारम प्रयोग गरी भाडामा लिएको खर्चको नियन्त्रण तथा अभिलेख राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **खर्च पुष्टयाईको प्रमाण -**

***..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१४ को निर्णयबाट रू. ६,२५० ।- सम्परीक्षण गरिएको ।)***

५३ **कृषि तथा पशु विकास कार्यक्रमतर्फ-**

५३.१ **निःशुल्क पशु विमा कार्यक्रम -** पालिकाले यस कार्यक्रम अन्तर्गत आ.व २०७९/०८० को बार्षिक बजेट तथा कार्यक्रमबाट रू. ६,००,०००/- विनियोजन गरी गाउँपालिकामा एक घर एक उन्नत पशु बिमाको उदेश्य साथ कुल ४०१ घरधुरीका ६२३ पशुहरूको बिमा बापत रू.३,९०,५००/- खर्च गरेको छ । यस कार्यक्रमबाट बिमित घरधुरीहरू भविष्यमा लाभान्वित हुने नहुने र कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३.२ **छुर्पी प्रवर्धन -** पालिकाले आ.व २०७९/८० मा पशु सेवा केन्द्र तर्फको सङ्घीय ससर्त अनुदानमा "छुर्पी प्रवर्धन कार्यक्रम" शीर्षकमा रू. १९,५०,०००/- बजेट सहित प्राप्त "प्रदेश तथा स्थानीय तहमा ससर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७९" बमोजिमको सर्त तथा मापदण्ड अन्तरगत रहेका अनुसूचीमा उल्लिखित ४ फर्म/उद्योगहरूलाई बिलभरपाई पेश गरेको आधारमा ५० प्रतिशत अनुदान स्वरुप रू.११,९८,३८७।- उपलब्ध गराइएको छ । पालिकाबाट उपलब्ध भएको अनुदानबाट डेरी उद्योगलाई आवश्यक पर्ने डीप फ्रिज, दूध तताउने भाँडा लगायतका सामान खरिद गरेको बिल पेश गरेको देखिएको छ । अनुदान उपलब्ध गराए पछि दुग्ध पदार्थ उत्पादन, वजार व्यवस्थापन तथा स्थानीयको आयआर्जन क्षमतामा परेको प्रभावका सम्बन्धमा अध्ययन तथा सुधार गर्न अनुगमन संयन्त्र तयार गरेको देखिएन । कार्यविधि अनुसार लगानीको दिगो रूपमा प्रतिफल प्राप्त हुने गरी प्रभावकारीता मापन गर्ने संयन्त्र तयार गरी लक्षित समूहलाई वितरण गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा ५३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

५३.३ **पकेट कार्यक्रम -** पलिकाले लागत साझेदारीमा यस वर्ष आ.व. २०७८।७९ मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरताका लागि ३ वटा कृषक समूहलाई रू.६,००,०००.०० र यस आ.व. २०७९/८० मा नयाँ तरकारी बाली पकेट विकास कार्यक्रमक अन्तर्गत स्थापना भएका २ वटा कृषक समूहलाई रू.१२,००,०००.०० सहित जम्मा १८,००,००.०० अनुदान दिएको छ । अनुदानबाट कृषक समूहले कृषि औजार मिनी टिलर, प्लास्टिक टनेल, पाइप जस्ता समग्री खरिद गरी बिल पेश भएको देखिन्छ । अनुदानित कार्यक्रमको सञ्चालनको चरणमा अनुगमन गरे पनि प्रभावकारिता विश्लेषण गरेको देखिएन । अनुदान कार्यक्रमले आय आर्जन कार्यक्रममा प्रभाव परे नपरेको सम्बन्धमा अध्ययन गरी निरन्तरता सम्बन्धमा पुनर्विचार गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा ५३.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

५३.४ **चतुरे कृषि हाटबजार टहरा निर्माण -** पालिकाले यस आ.व.मा श्री चतुरे कृषि हाटबजार उपभोक्ता समिति, हिलिहाङ ५ लाई चतुरे कृषि हाट बजार टहरा निर्माण गर्न रू. १२,००,६२५.४८.०० लागत अनुमान गरी कार्यसम्पन्न भएको आधारमा पालिकाले र.९,६०,०००.०० अनुदान उपलब्ध गराएको छ । टहरा

निर्माण पश्चात् टहराको प्रयोग, कृषि बजारको व्यवस्थापन र विस्तार भए नभएको तथा थप कृषकवर्ग लाभान्वित भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन ।

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा ५३.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

५३.५ **अति विपन्न, विपन्न परिवार लक्षित कुखुरापालन,बंगुरपालन तथा बाखापालन कार्यक्रम -** यस कार्यक्रममा गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रत्येक वडामा २,१०,०००.०० को दरले बाँडफाँट हुने गरी जम्मा रू.१४,७५,०००.०० बजेट विनियोजन गरिएकोमा पालिकाबाट रू.१२,५०,०००.०० अनुदान उपलब्ध गराई पालिकाका ७ वटै वडाका ५४ परिवार लाभान्वित भएको विवरणबाट देखिन्छ । पालिकाबाट वितरित अनुदानबाट निर्माण भएका देहायका खोरहरू र खरिद गरिएका बाखा र बंगुरको उचित रूपमा प्रयोग भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन गरी कार्यक्रमको प्रभावकारिताको लेखाजोखा हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा ५३.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

५४ **कर कट्टी -**

*...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१४ को निर्णयबाट रू. ६२,४२१।- सम्परीक्षण गरिएको ।)*

५५ **डायरी तथा क्यालेण्डर छपाई -** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ६ (२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न साथै सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको गोश्वारा भौचरबाट शुभकामना सन्देश प्रकाशन वा प्रसारण एवम् क्यालेण्डर र डायरी छपाई गरी रू. ६,३२,६६३.०० खर्च गरेको देखिन्छ । आगामी दिनमा पालिकाले यस्तो खर्चहरूको नियन्त्रण गरी मितव्ययीता अपनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

५६ **बिल भरपाईभन्दा बढी भुक्तानी -**

*...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।५ को निर्णयबाट रू. १८,८५९।- सम्परीक्षण गरिएको ।)*

५७ **उपभोक्ता समितिलाई नर्म्सभन्दा बढी भुक्तानी -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रू. २,४६,५५९।- सम्परीक्षण गरिएको ।)*

५८ **बढी भुक्तानी -**

*...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१४ को निर्णयबाट रू. ३५,७२०।- सम्परीक्षण गरिएको ।)*

५९ **सामाजिक सुरक्षातर्फ-**

५९.१ सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रू.८,००,९६,०१८/- प्राप्त भएको रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन्ः

सैद्धान्तिक बेरुजु

५९.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा पालिका र हिमालयन बैङ्क, शाखा कार्यालय, हिलिहाङबीच द्विपक्षीय सम्झौता भई पालिकाभित्र रहेका ७ वटै वडाहरूको सामजिक सुरक्षा भत्ता बैङ्कबाट उपलब्ध गराउदै आएको छ । यस आर्थिक वर्षमा पालिकाले अनुसूचीमा उल्लिखित संख्यामा रहेका लाभग्राहीहरूलाई सामाजिक सुरक्षा भत्ता बैङ्कमार्फत वितरण गर्न रू.८,००,९६,०१८।- निकासा दिएको देखियो ।

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा ५९.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

५९.३ पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैङ्कलाई जम्मा रू.८,००,९६,०१८।— निकासा दिएको देखिएकोमा बैङ्कबाट लाभग्राहीहरूको खातामा रू.७,९०,४१,०७८।-जम्मा गरी बाँकी रहने रकम रू.१०,५४,९४०।— र लाभग्राहीहरूको खाता बन्द भई बसेका रकम रू.६०,१०३।— सहित रू.११,१५,०४३।— हिमालयन बैङ्कबाट फिर्ता गरी पालिकाले मिति २०८०।०५।१९ मा बेरुजु(१५१११) दाखिला गरेको छ । सामाजिमा सुरक्षा नियमावली, २०७६ को नियम २३(१) बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण प्रतिवेदन (अनुसूची-६) र बैङ्कबाट प्राप्त पत्र अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरण अनुसूचीमा उल्लिखित छन्-

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा ५९.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

५९.४ **एम.आई.एस विवरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई. एस. लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखको परीक्षण गर्दा लाभग्राहीहरूको विवरण पूर्ण रूपमा भरेको देखिएन । वडा ७ लाई नमुना छनोट गरी परीक्षण गरीएकोमा केही लाभग्राहीको नागरिकता नं. बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको समेत देखियो । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भई सकेकालाई

भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम.आई.एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६० **इन्टरनेट जडान -**

*..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२५ को निर्णयबाट रू. १,५६,०००।- सम्परीक्षण गरिएको ।)*

६१ **पाठ्यपुस्तक -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.४.६.१. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । यसरी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने, विद्यार्थीहरूले शैक्षिक सत्रको सुरुवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने, जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्धता, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने लगायतका व्यवस्था छ । पालिकाले यस आ.व.मा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन नगराई अनुदान दिएको छ । यसबाट विद्यालयलाई दिइने अन्य बुक कर्नर व्यवस्थापन, सिकाइ सामग्री व्यवस्थापन लगायतका शीर्षकमा हुने अनुदान निकासा यथार्थ हो भनी भिडान गर्न नसकिने हुँदा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई अनुदान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६२ **सेनिटरी प्याड खरिद -** कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गर्नुपर्ने र कार्यविधिमा विद्यालयले आफ्ना छात्राहरूको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने, पालिकाले शैक्षिक व्यवस्थापन प्रणालीको तथ्याकंसँग भिडाई विद्यालयलाई आवश्यक संख्यामा उपलब्ध गराउने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयबाट माग फाराम नमागी शैक्षिक व्यवस्थापन प्रणालीको तथ्याङ्कलाई आधार मानी ११८० जना छात्रा विद्यार्थी संख्यालाई १० महिनाको लागि पुग्ने पद्म श्री मेडिसेल्स(६११८२२८७५) बाट १३,८८३ प्याकेट सेनिटरी प्याड प्रति प्याकेट रू.८६।- (मु.अ.कर समेत) का दरले रू.११,९३,८४०।- को खरिद गरेको छ । खरिद गरिएका सेनिटरी प्याड व्यवस्थापन रणनीति, २०७६ बमोजिम विद्यालयमार्फत छात्राहरूलाई वर्षभरी वितरण गर्नुपर्नेमा पालिकाले १३६८९ प्याकेट वितरणको लागि अनुसूचीमा संलग्न रहेका १७ वटा विद्यालयका प्रध्यानाध्यपकहरूले मिति २०७९।११।१९ मा बुझेको तर विद्यालयले विद्यार्थीलाई वितरण गरेको भरपाई पेश भएको छैन । अतः आगामी समयमा विद्यार्थी संख्या यकिन गरी विद्यालयको माग र आवश्यकताको आधारमा खरिद गरी समयमै उपलब्ध गराई छात्राहरूलाई हस्तान्तरण गर्नुपर्दछ । पालिकाले

विद्यालयलाई वितरणका लागि दिएको प्याड र मौज्दातमा रहेको प्याडको प्रयोग भएको भरपाई प्राप्त भएपछि मात्र थप नयाँ स्यानिटरी प्याड खरिद गर्ने, विद्यालयमा हुने प्याड वितरण कार्यलाई प्रभावकारी अनुगमन गर्ने तथा प्याडको भण्डारण गर्दा गुणस्तरीय नबिग्रने गरी राख्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा ६२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

६३ **विद्यालयको अनुगमन -** मिति २०८०।०५।२७ गते सिद्ध मा.वि., हिलिहाङ, पञ्चमीको स्थलगत अवलोकन गर्दा देखिएका व्यहोरा देहायबमोजिम रहेका छन्-

- पालिकाबाट यस वर्ष विज्ञान प्रयोगशालाका लागि रू. ६,५०,०००।— अनुदान दिएकोमा उक्त अनुदानबाट विद्यालयले विज्ञान प्रयोगशालाका लागि विभिन्न ३०४ प्रकारका सामग्री खरिद गरेको देखिएकोमा जिन्सी दाखिला परीक्षण गर्दा ३०१ प्रकारका सामग्री दाखिला भएको देखियो । दाखिला गर्न बाँकी रहेको सामग्री कुन कुन हो भनी विद्यालयबाट पहिचान हुन सकेन । सम्झौता बमोजिमको सबै सामग्री आपूर्ति भए नभएको सम्बन्धमा पनि विस्वस्त हुन नसकिएकोले विद्यालयबाट पहिचान गरी आपूर्ति हुन नसकेको भए सम्बन्धित सप्लायर्सबाट आपूर्ति गरी जिन्सी आम्दानी बाँध्नु पर्ने देखिन्छ । साथै उक्त सामग्रीहरू जडान गरी प्रयोगमा आएको नदेखिएकोले सामग्रीको सही उपयोग गर्नेतर्फ पनि विद्यालयको ध्यान जान जरुरी देखिन्छ ।
- विद्यालयबाट विद्यार्थीहरूलाई वितरण गर्दै गरेको सेनिटरी प्याड परीक्षण गर्दा मिति २०८० असार १८ (२०२३।७।३) गते नै म्याद समाप्त भएको २२ बोरा सेनिटरी प्याड नखोलिएको अवस्थामा विद्यालयको भण्डारण कक्षमा रहेको देखियो । एक बोरामा ८४ प्याकेट र एक प्याकेटमा ८ वटा सेनिटरी प्याड भएकोले २२ बोरामा १४,७८४ वटा र खोलिएको बोरामा ६४ प्याकेटमा ५१२ वटा सहित जम्मा १५,२९६ वटा सेनिटरी प्याड प्रयोगहिन अवस्थामा रहेको देखियो । यस सम्बन्धमा विद्यालयलाई सोधपुछ गर्दा पालिकाबाट हस्तान्तरण भई आएका सामानहरूको मुल्य खुलाई जिन्सी आम्दानी बाँध्ने नगरेको, वितरण गरेको अभिलेख राख्ने नगरेको भन्ने प्रतिउत्तर पाइयो। यस सम्बन्धमा पालिकाबाट पनि हस्तान्तरण भएको खुल्ने विवरण प्राप्त हुनसकेन । यसबाट पालिकाबाट कति बोरा प्याड कहिले हस्तान्तरण भई आएको हो, सो कुरा स्पष्ट हुन सकिएन तथापि विद्यालयको प्र.अ.सँग सोधपुछ गर्दा म्याद नाघेका सेनिटरी प्याड आ.व. २०७७।७८ मा प्राप्त भएको भन्ने जवाफ पाइयो । विद्यालयको माग बेगर बजेट खर्च गर्ने उद्देश्यले सेनिटरी प्याड खरिद गर्ने पालिकाको यो प्रवृत्तिलाई राम्रो मान्न सकिएन । बिना आधार सामान खरिद गर्ने र प्रयोग बिहिन रही खेर जाने प्रवृत्तिले सरकारलाई थप व्ययभार पर्ने देखिन्छ। पालिकाले यस किसिमको अवस्था सिर्जना गर्ने गराउने व्यक्तिलाई जिम्मेवार बनाउनु पर्दछ । मौज्दातमा रहेका म्याद नाघेका १५,२९६ वटा सेनिटरी प्याड आवश्यक प्रकृया पूरा गरी नष्ट गर्नुपर्दछ ।

अवलोकन र छलफलको क्रममा विद्यालयमा आर्थिक वर्ष २०७८।७९ र २०७९।८० मा प्राप्त भएको ३२.३ कार्टुन सेनिटरी प्याड मौज्दातमा रहेको पाइयो । एक काटनमा ७२ प्याकेट र एक प्याकेटमा ८ वटा प्याड उल्लेख भएको देखिएकोले विद्यालयमा म्याद ननाघेका २३२६ प्याकेट वा १८,६०८ वटा सेनिटरी प्याड रेहको देखियो । पालिकाकाबाट आ.व. २०७८।८९ मा विद्यालयलाई हस्तान्तरण भएको विवरण प्राप्त भएन तर आ.व,२०८९।८० को अभिलेख अनुसार विद्यालयलाई १४६२ प्याकेट हस्तान्तरण गरेको देखियो । म्याद ननाघेका २३२६ मध्ये ८६४ प्याकेट सेनिटरी प्याड वितरण गरी विद्यालयबाट

भरपाई पेश हुनुपर्दछ साथै उक्त सेनिटरी प्याड नियमानुसार प्रयोग गर्नेतर्फ विद्यालय र पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६४ **शिक्षातर्फ-**

६४.१ **शिक्षक दरबन्दी र पदपूर्ति** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिका अन्तर्गत ५४ वटा बाल विकास केन्द्र, ३३ वटा आधारभूत विद्यालय र ११ वटा माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका ४४ विद्यालयहरूमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवम् विद्यार्थीको संख्या निम्नानुसार अनुसूचीमा उल्लेख गरिएको छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा ६४.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

६४.२ **विद्यार्थी शिक्षक अनुपात** - पालिकाको कुल दरबन्दीमा ४०.८८ प्रतिशत दरबन्दी करारबाट भएको देखिन्छ। पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवम् न्यून विद्यार्थी भएका विद्यालयहरू सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ । साथै, पालिकाले यस आर्थिक वर्षमा गाउँपालिका चालु खर्चबाट सामुदायिक विद्यालयका कर्मचारी, सामुदायिक अध्ययन केन्द्रको परिचालिका, स.का., पालिकाबाट थप गरिएको शिक्षक तथा स.का. हरूको तलबबापत रू. १ करोड ७३ लाख ८२ हजार खर्च गरेको छ। पालिकामा विद्यार्थी शिक्षक अनुपात १९:१ रहेको देखिन्छ जुन विवरण अनुसूचीमा उल्लेख गरिएको छः

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा ६४.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

६४.३ **थप शिक्षक** - पालिकाले आफ्नै स्रोतबाट व्यहोर्ने गरी १४ जना शिक्षक र १० जना बालविकास शिक्षक नियुक्ति गरेको छ । नियुक्त भएका १४ जना शिक्षकहरूलाई रू. ६५,३३,०००।– र बालविकास शिक्षक १० जनालाई रू. २२४२,०००। गरी आर्थिक वर्षभरी जम्मा रू. ८७,७५,०००।– खर्च लेखेको छ । यसबाट पालिकालाई थप व्ययभार परेको देखिएको छ । पालिकाभित्र सञ्चालित विद्यालयको शिक्षक विद्यार्थी अनुपात न्यून हुनु तथा शैक्षिक गुणस्तर बढ्न नसक्नु तर शैक्षिक संस्थामा शिक्षकको दरबन्दी थप गरी खर्च बढाउनु उपयुक्त देखिएन । आगामी दिनमा पालिकाले विद्यालयको शिक्षक विद्यार्थी अनुपात, शैक्षिक गुणस्तर, शिक्षकको आवश्यकता र खर्चको मितव्ययीता तथा प्रभावकारितालाई मध्यनजर गरी खर्च गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६४.४ **विद्यार्थी संख्या र विद्यालय** - पालिकामा सञ्चालन रहेका ४४ वटा विद्यालयहरूमा शैक्षिक सत्र २०७९ र २०८० मा प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थी संख्या क्रमशः ४६४५

जना र ४०१४ जना रहेको देखिन्छ । दुवै शैक्षिक सत्रमा १०० जनाभन्दा कम विद्यार्थी भएका विद्यालय बढी रहेको देखिन्छ । विद्यालय र विद्यार्थी संख्याको अवस्था देहाय बमोजिम रहेका छन्-

| क्र.सं. | विद्यार्थी संख्या | विद्यालय संख्या | |
|---|---|---|---|
| | | शैक्षिक सत्र २०७९ | शैक्षिक सत्र २०८० |
| १ | २० जना भन्दा कम विद्यार्थी भएको | ७ | १२ |
| २ | २० देखि ५० जना | १७ | १३ |
| ३ | ५० देखि १०० जना | ६ | ६ |
| ४ | १०० देखि १५० जना | ६ | ५ |
| ५ | १५० देखि २०० जना | १ | ४ |
| ६ | २०० देखि २५० जना | २ | १ |
| ७ | २५० देखि ४०० जना | ३ | २ |
| ८ | ४०० देखि ४५० जना | २ | १ |
| जम्मा | | ४४ | ४४ |

सैद्धान्तिक बेरुजु

६४.५ **पालिकाको शैक्षिक अवस्था-** पालिका अन्तरगत शैक्षिक सत्र २०७९ मा सञ्चालित कक्षा ८ र एस.ई.ई. परीक्षाको नतिजा हेर्दा ग्रेड A र A+ ल्याउनेको संख्या कम देखिन्छ । एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली(IEMIS) अनुसार पालिका अन्तर्गत रहेका विद्यालयहरूमा कक्षा ८ मा ३८० जना विद्यार्थी अध्ययनरत देखिएकोमा अन्तिम परीक्षामा ५९ जना अनुपस्थित भएको र परीक्षमा सहभागी भएकामध्ये १५ जना ग्रेड विहिन रहेको देखिएको छ । त्यसै गरी कक्षा १० मा ३६४ विद्यार्थी भर्ना भएको देखिएकोमा अन्तिम परीक्षमा ३१९ जनाको मात्र परीक्षाफल देखिएको छ भने ४५ जना विद्यार्थीको अवस्था अज्ञात देखिन्छ । पालिकाले शैक्षिक गुणस्तर अभिवृद्धि गर्नेतर्फ पनि विशेष ध्यान दिनुपर्ने देखिन्छ । पालिकाबाट उपलब्ध भएका कक्षा ८ र कक्षा १० को अन्तिम परीक्षामा सहभागी विद्यार्थीहरूको नतिजा देहाय बमोजिम रहेको छः

| क्र.सं. | GPA | GRAD | कक्षा ८ | एस.ई.ई. |
|---|---|---|---|---|
| १ | ०.८-१.२ | D | ० | १२ |
| २ | १.२-१.६ | D+ | ० | ५२ |
| ३ | १.६-२.० | C | ० | ९० |
| ४ | २.०-२.४ | C+ | १०९ | ८४ |
| ५ | २.४-२.८ | B | १२५ | ५८ |
| ६ | २.८-३.२ | B+ | ६२ | १९ |

| क्र.सं. | GPA | GRAD | कक्षा ८ | एस.ई.ई. |
|---|---|---|---|---|
| ७ | ३.२-३.६ | A | ८ | ४ |
| ८ | ३.६-४.० | A+ | २ | ० |
| जम्मा | | | ३०६ | ३१९ |

सैद्धान्तिक बेरुजु

६४.६ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आ. व. २०७९।८० मा विद्यालयहरूको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसँग देखिएन । पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६४.७ **विद्यालयको नियमन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड(ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन सम्बन्धी कानुनी व्यवस्था रहेको छ । पालिकाले यस पालिका अन्तर्गतका समुदायिक विद्यालयले विद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजस्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखिएको बेरुजु फस्यौंट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णयबमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको पारिश्रमिक सुविधा अनिवार्य रूपमा बैङ्क खातामार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

६४.८ **विद्यालयगत निकासा रजिस्टर्ड** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले तोकिएको ढाँचामा विद्यालयगत माग र निकासा खुल्ने विवरण तयार गरी राख्नुपर्नेमा सो बमोजिम राखेको पाइएन । यसबाट पालिकाले विद्यालयहरूलाई निकासा दिएको रकम विद्यालयले माग गरे बमोजिम भए नभएको र विद्यालयको माग सही भए नभएको सम्बन्धमा परीक्षण गरी स्पष्ट हुन सकिएन । यसर्थ विद्यालयगत रजिस्टर नहुँदा विद्यालयलाई वास्तविक रूपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको रकमबीच तुलना गरी भिडान गर्न कठीन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक गरी राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६४.९ **एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन -**

*……….. (प्रारम्भिक प्रतिवेदन उपर असुल र प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रू.१०,००,००० ।- सम्परीक्षण गरिएको ।)*

६५ **करूणा फाउन्डेसनतर्फ -** अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि पालिका, प्रदेश सरकार र करूणा फाउण्डेसन, नेपालबीच भएको सम्झौताको सर्त नं. ४ बमोजिम खर्च रकममध्ये करूणा फाउण्डेसन, पालिका र सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ ले एक एक तिहाइ रकम व्यहोर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा करुणा फाउण्डेशनबाट रू. ८,४५,३९४.००, प्रदेशबाट रू. ८,८२,४३१.०० र पालिकाबाट रू. १०,००,०००.०० समेत गरी कुल आम्दानी रकम रू. २७,२७,८२५.०० प्राप्त भएकोमा यस कार्यक्रममा जम्मा खर्च रकम रू. २४,८४,६८०.०० भएको छ । पालिकाले तयार गरेको विवरणअनुसार 'क' वर्गको ५६ जना, 'ख' वर्गको ९७ जना, 'ग' वर्गको ८६ जना र 'घ' वर्गको ३७ जना गरी २७६ जनाले अपाङ्गता परिचयपत्र प्राप्त गरेका छन् । कार्यक्रमले लिएको उद्देश्यअनुसार अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोग हुने गरी प्रभावकारी कार्यक्रम सञ्चालन तथा सोको अनुगमन गर्नेतर्फ सम्बन्धित पक्षले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६६ **पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च -** पालिकाले पुँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनोट तथा कार्यान्वयन गर्नुपर्दछ । पालिकाको खर्च गरेको स्रेस्ताहरूको नमुना परीक्षण गर्दा पालिकाले देहायअनुसारका पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लवलगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पुँजीगत शीर्षकबाट रू. ५,८७,५९९.०० भुक्तानी दिएको पाइयो ।

| क्रसं | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | भाषा प्रवर्धन कार्यक्रम | स्थानीय भाषा प्रवर्धन कार्यक्रम सञ्चालन | ९३,०००.०० |
| २ | खेलकुद विकास कार्यक्रम | खेलकुद कार्यक्रम सञ्चालन | ३,००,०००.०० |
| ३ | कृषि अनुदान कार्यक्रम | प्लाष्टिक टनेल र पोखरीको लागि सामग्री खरिद | १,९४,५९९.०० |
| | **जम्मा** | | ५,८७,५९९.०० |

तसर्थ पालिकाले आगामी दिनमा यस्ता वितरणमुखी र पुँजी उत्पादन नहुने शीर्षकमा हुने खर्चलाई नियन्त्रण गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (सीप विकास तालिम) -** गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा १७ अनुसार पालिकाले यस आ.व.मा ८० जना नयाँ उद्यमी सृजना गर्न र ५० जना उद्यमीलाई स्तरोन्नति सम्बन्धी सीप विकास तालिम संञ्चालन गर्नको लागि (प्राविधिक सीप विकास तालिमको लागि रू.११,७७,०००.०० र एड्भान्स सीप विकास तालिमको लागि रू.५,००,०००.००) रू.१६,७७,०००.०० बजेट व्यवस्थापन गरी सीप विकास तालिम सञ्चालन गर्न सूचनामार्फत प्रस्ताव माग गरिएकोमा पेश हुन आएका मध्ये सबैभन्दा कम

रू.१६,५२,९४९.०० बजेट पेश गर्ने पिरामीड टेक्निकल ईन्स्टिच्यूट प्रा.लि.(६०१०७८६९१) सँग मिति २०८०।३।१५ मा तालिम सम्पन्न गर्ने गरी पालिका र पिरामीड टेक्निकल ईन्स्टिच्यूट प्रा.लि.बीच मिति २०७९।८।२१ मा सम्झौता भएको देखिन्छ । निर्देशिका को बुँदा नं.४८ मा भुक्तानीका लागि बिल पेश गर्दा कार्य सम्पन्न विवरण, मासिक प्रतिवेदन तथा कामको यथार्थ अवस्था झल्किने कागजातहरू समेत बुझाउनु पर्ने र पेश हुन आएका प्रतिवेदन तथा कागजानका आधारमा अनुगमन उपसमितिले आवश्यक जाँचवुझ गरी उक्त प्रगतिहरू जेसिएमआईएसमा प्रविष्टी भएको समेतको आधारमा भुक्तानीको लागि सिफारिस गरेपछि कार्यक्रम सम्पादन र परिणामको आधारमा कानुनबमोजिम रिटेन्सन मनीबापतको रकम कट्टा गरी बाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर प्रगतिहरू जेसिएमआईएसमा प्रविष्टी नभई भुक्तानी भएमा निर्देशिकाको बुँदा नं.४८(८) बमोजिम भुक्तानी गर्ने पदाधिकारीबाट सो रकम असुल उपर गरिने व्यवस्था छ । निर्देशिकामा भएको व्यवस्था र सम्झौताको बुँदा नं. ३(ङ) मा उल्लेखित सर्तबमोजिम मासिक, त्रैमासिक र कार्यक्रम सम्पन्न तथा अन्तिम प्रतिवेदन पालिकामा पेश गरेको देखिएन । तर सम्झौता बमोजिम रू.१६,५२,९४९.०० भुक्तानी दिएको देखियो । यस सम्बन्धमा पालिकाले यकिन गरी प्रगतिहरू जेसिएमआईएसमा प्रविष्टी भएको र कार्य सम्पन्न प्रतिवेदन भए नभएको सम्बन्धमा सुनिश्चित हुनुपर्दछ । यस वर्ष अनुसूचीमा उल्लिखित विषयमा तालिम संचालन गरी १३१ जना लाभान्वित भएको देखियो । सञ्चालित तालिमबाट लाभान्वित भएका उद्यमीहरूले आर्जन गरेका ज्ञान, सीप, अनुभव र प्रदान गरिएको प्रविधि बमोजिमको व्यवसाय तथा रोजगार प्राप्त गर्ने नगर्ने सम्बन्धमा कार्यक्रमको प्रभावकारीताको लेखाजोखा पालिकाबाट हुनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा ६७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

६८ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस वर्ष पालिकालाई जना श्रमिकलाई रोजगार सृजना गर्न नेपाल सरकारबाट रू.२८,५४,०००.०० र विश्व बैङ्कबाट रू.२३,४३,०००.०० गरी जम्मा रू. ५१,९७,०००.०० प्राप्त भएकोमा पालिकाबाट रू.१८,००,०००.०० र वडा नं.३, ४ र ५ (क्रमशः रू.२,००,०००.००, रु,३,५०,०००.०० र रू.३,००,०००.००) बाट रू. ८,५०,०००.०० थप गरी जम्मा रू.७८,४७,०००.०० बाट यस पालिका अन्तर्गत रहेका ७ वटै वडाहरूमा देहायका १७ योजना सञ्चालन गरी यस वर्ष ७८१ जना सूचीकृत बेरोजगार श्रमिकहरूमध्ये १३६ जनालाई औसत ९९ दिनले १३४६० दिन रोजगारी उपलव्ध गराई रू.७७,६६,४२०.०० श्रमिक ज्याला खर्च गरेको छ । यस बाहेक पालिकाबाट रु,३,००,०००.०० बजेट बिनियोजन गरी उक्त रकमबाट कामदारका लागि आवश्यक सामग्रीहरू कुटो, काँटा, बेल्चा, झम्फल, हसिया जस्ता सामग्रीहरू खरिद गरी वडाहरूलाई हस्तान्तरण गरेको जनाएको छ । हस्तान्तरित सामग्रीहरूको वडाहरूमा जिन्सी दाखिला भएको विवरण नदेखिएकोले यस्ता सामग्रीहरूको रेखदेख र पूर्ण उपयोगको सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनोट गर्दा योजना छनोटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनोट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना

भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। यस कार्यक्रमको विस्तृत विवरण अनुसूचीमा उल्लेख गरिएको छः

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा ६८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

६९ **खोपको अवस्था -** खोपको अवस्थाः पालिकालाई आवश्यक पर्ने खोपको डोज स्वास्थ्य कार्यालय, पाँचथरबाट प्राप्त हुने पालिकाले जनाएको छ । यस आ.व.मा पालिकालाई देहायका खोपको लागि ७५६७९ डोज प्राप्त भएकोमा ७२१५२ प्रयोग भई ३५२७ डोज खोप फिर्ता भएको पालिकाबाट उपलब्ध भएको विवरणबाट देखिन्छ । पालिकालाई प्राप्त भएको डोज पूरै प्रयोग नभई फिर्ता गर्नु परेको देखिन्छ । यसरी फिर्ता पठाउँदा बाटामा नै तामक्रम अनुकुल नहुँदा खोपको डोज खेर जान सक्ने हुँदा पालिका र सम्बन्धित कार्यालयको यसतर्फ ध्यान जानु जरुरी देखिन्छ । खोपको विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा ६९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

७० **औषधि खरिद -** पालिकाले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि रिद्धिसिद्धि मेडिटेक इन्टरनेशनल(६११७६३०१५) बाट विभिन्न ३२ प्रकारका औषधि रू.९,९४,५७६।— मा सिधै खरिद गरेको छ । औषधि खरिद गर्नु पूर्व लागत अनुमान तयार गर्दा तीनवटा सप्लायर्सबाट इकाई दररेट माग गरी सोही इकाईदरलाई जोडजम्मा गर्दा जुन सप्लायर्सको रकम कम आउँछ त्यही रकमलाई लागत अनुमानको आधारमानी तयार गरेको छ । यसरी खरिद गरिने औषधिको परिमाण किटान नगरी इकाई दरको तुलनात्मक न्यूनमानलाई आधार नलिदा लागत अनुमान त्रुटिपूर्ण नहुने कुरामा विश्वस्त हुन सकिन्न। यसतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । साथै पालिकाले लागत अनुमान प्रयोजनका लागि दररेट माग गरेकै सप्लायर्सबाट औषधि खरिद गरेको देखिएकोले खरिद प्रकृयामा सुधार हुनुपर्दछ । पालिकाले खरिद गरिने औषधिको आवश्यकताको पहिचान नगरी सप्लायर्सकर्तासँग सम्झौता बेगर खरिद गरेको पाइयो । प्राप्त औषधिको गुणस्तर परीक्षण गर्नुपर्नेमा गरेमो पाइएन । खरिद गरिएका औषधिको म्याद जिन्सी दाखिला हुँदाको मितिदेखि कम्तीमा १८ महिनासम्म म्याद भएको हुनु पर्नेमा केही औषधिको म्याद १८ महिना भन्दा कम रहेको देखियो। खरिद गर्दा माग र आवश्यकता बमोजिमको नहुँदा औषधिको सही र पूर्ण उपयोग नहुने, औषधि खरिदमा प्रतिस्पर्धा नहुने हुँदा यसतर्फ पालिकाको विशेष ध्यान जानु जरुरी देखिन्छ। कम म्याद भएका केही औषधिको उदाहरणः

| क्र.सं. | औषधि | परिमाण | दाखिला मिति | औषधिको म्याद |
|---|---|---|---|---|
| १ | Clove oil | 100 | 7 Feb. 2023 | Sep/2023 |
| २ | Vitamin B Complex | 10000 | 7 Feb. 2023 | Jan/2024 |
| ३ | Promethazine 75mg | 3000 tab | 7 Feb. 2023 | Dec/2023 |

सैद्धान्तिक बेरुजु

७१ **औषधि उपचार खर्च -** औषधि उपचार खर्चः मृगौला प्रत्यारोपण, डायलाइसिस, मेरुदण्ड पक्षघात र क्यान्सर रोगीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ बमोजिम यस वर्ष पालिकाले क्यान्सर रोगी १० जना, डायलाइसिस रोगी ५ जना र मृगौला प्रत्यारोपण गरेका १ रोगी समेत १६ जनालाई जम्मा रू.८,७५,०००।— भुक्तानी दिएको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७२ **स्वास्थ्य कार्यक्रमतर्फ-**

७२.१ **स्वास्थ्य कर्मचारीको दरबन्दी र पदपूर्ति -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । यस पालिका अन्तर्गत रहेका ४ वटा स्वास्थ्य चौकी, १ वटा प्राथमिक स्वास्थ्य केन्द्र, २ वटा सामुदायिक स्वास्थ्य इकाई र १ आधारभूत स्वास्थ्य केन्द्रमा जम्मा ३० जना कर्मचारीको दरबन्दी रहेकोमा ९ जना मात्र स्थायी र १४ जना करार सहित २३ जनाको पदपूर्ति भएको देखियो । दरबन्दी अनुसार स्थायी पदपूर्ति गरी पालिकाबाट प्रदान हुने स्वास्थ्य सेवा सुविधाको व्यवस्था हुनुपर्दछ ।

| पद | दरबन्दी | पदपूर्ति | | रिक्त |
|---|---|---|---|---|
| | | स्थायी | करार | |
| मे.अ. | १ | १ | ० | ० |
| अधिकृत छैठौं | ६ | २ | ० | ४ |
| सहायक पाँचौ | ८ | ४ | ४ | ० |
| सहायक चौथो | १४ | १ | १० | ३ |
| ल्या.अ. | १ | १ | ० | ० |
| **जम्मा** | ३० | ९ | १४ | ७ |

सैद्धान्तिक बेरुजु

७२.२ **तलवी प्रतिवेदन —**

**...समान व्यहोरा दफा ३८ मा भएकोले हटाइएको ।**

७२.३ **वढी ग्रेड भुक्तानी -**

***..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१४ को निर्णयबाट रू.४७,४५५ ।- सम्परीक्षण गरिएको ।)***

७२.४ **औषधिको मौज्दात-** पालिकामा आवश्यक पर्ने औषधि जिल्ला स्वास्थ्य कार्यालय, पाँचथरबाट प्राप्त हुने र नपुग औषधि पालिकाले पहिचान गरी खरिद गर्ने गरेको पाइएको छैन । पालिकामा कुनै औषधिको मौज्दात परिमाण बढी हुने र कुनै शून्य परिमाणमा रहने गरेको पनि पाइयो । पालिकाले जनाताको स्वास्थ्य

उपचारको लागि अत्यावश्यक पर्ने औषधिको मौज्दात परिमाण शून्य हुन नदिन र बढी मौज्दात भएको परिमाणलाई आधार मानी औषधिको माग तथा खरिद गर्ने गर्नुपर्दछ । पालिकामा बढी र कम मौज्दातमा रहेको औषधिको विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा ७२.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

७२.५ **म्याद सकिएका औषधिः** पालिकाबाट प्राप्त विवरण अनुसार देहायका औषधिहरूको म्याद समाप्त भएको देखिएको छ । म्याद नाघेका औषधि प्रकृया पुऱ्याई नष्ट गर्नपर्ने देखिन्छ ।

| औषधिको नाम | परिमाण | औषधिको म्याद |
|---|---|---|
| ferrous sulphate | 10000 | 2022/december |
| folic Acid 5mg | 5000 | 2023/ feb |
| inj. Dexona | 20 | 2023/jan |
| inj. Magnesium sulphate | 100 | 2023/feb |

सैद्धान्तिक बेरुजु

७२.६ **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा ससर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरूको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका चार बर्थिङ सेन्टरमा गत वर्षको बाँकी रहेको १२० थानको रू.१,०७,८८०।- र यस वर्ष २०० थानको रू.१,७९,८०१ खरिद गरेकोमा गत वर्ष १०१ जना र यस वर्ष १०२ जना र गरी २०३ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका २०० थान र पाँच बर्थिङ सेन्टरबाट वितरण गरी बाँकी रहेका १७ थान सहित जम्मा २१७ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरू तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७३ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नु हुदैंन भनी उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सीमाभन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न सकिने छैन । त्यस्तै सोही नियमावलीको नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान सिलबन्दी दरभाउ पत्रको माध्यमबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले मालसामान खरिद कार्यको प्रकृतिअनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सिमाअनुसार दरभाउ पत्रमार्फत् कार्य

गराउनु पर्नेमा नमुना भौचर परीक्षण गर्दा अनुसूचिमा संलग्न रहेको सार्वजनिक खरिद कार्य प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी सोझै गराएको देखिन्छ । आगामी दिनमा पालिकाले सोझै खरिद कार्यलाई निरुत्साहित गरी प्रतिस्पर्धात्मक खरिद कार्य गर्नेतर्फ सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा ७३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

७४ **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनपर्ने व्यवस्था रहेको छ । पालिकाले श्री मेगाटेक स्टोर्सबाट विद्युतीय हाजिरी सफ्टवेयर रू. ४,३०,०००.०० मा खरिद गरिएकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । साथै, पालिकाले राजस्व सङकलन सफ्टवेयर अपडेटिङ तथा नवीकरण शुल्कवापत रू. ९९,४४०.०० खर्च गरेको छ । पालिकाले प्रयोग गरिरहेको सफ्वेयरलाई विभागबाट स्वीकृति लिई प्रभावकारीरूपमा प्रयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७५ **श्रोत सुनिश्चितता नभई डि.पि.आर.-**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रू.१४,९१,०३५ ।- सम्परीक्षण गरिएको ।)***

७६ **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२ मा परामर्शदाताबाट काम गराउन तयार गर्नुपर्ने लागत अनुमानको आधारको बारेमा उल्लेख छ । सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले गाउँपालिका सडक गुरु योजनासम्बन्धी परामर्श सेवा खरिदको लागत अनुमान तयारी तथा सेवा खरिदको प्रकृया सम्बन्धमा देखिएका ब्यहोराहरू निम्नानुसार रहेका छन् ।

(क) परामर्शसम्बन्धी कार्यको विस्तृत आयोजना प्रतिवेदन तयारी कार्यको लागत अनुमान तयार गरेको पाइएन। पालिकाले यस्तो प्रकृतिको कार्यको लागत अनुमान तयार गर्दा अन्य सङ्घीय, प्रादेशिक कार्यालयले प्रयोग गर्ने नर्म्स र असल अभ्यासको समेत आधार लिएर बनाउनु पर्नेमा नबनाएको कारण खरिद गरिने सेवाको लागत मितव्ययी एवम् प्रभावकारी भएको भन्ने अवस्था रहेन । पालिकाले उक्त कार्यक्रममा रू. ८,८४,२२५।- (मू.अ.कर समेत) मा कन्सल्टेन्सी फर्म श्री पूर्वाञ्चल स्किल एण्ड ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा..लि., ईलामबाट कार्य गराउने गरी मिति २०८०।२।२२ मा सम्झौता गरेको पाइयो ।
(ख) उक्त ठेक्काको कार्य सर्त विवरणमा परामर्शदाताले गर्नुपर्ने कार्यको विस्तृत विवरण तयार नगरेको, परामर्शदाताको टर्न ओभरको विवरण पेश नभएको, सोही प्रकृतिको कार्य गरेको अनुभव भएको प्रमाण संलग्न नरहेको अवस्थामा समेत प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव स्वीकृत भएको हुँदा ठेक्का प्रकृया नियमसम्मत नदेखिएकोले उक्त परामर्श सेवा गुणस्तरीय छ भनि यकिन गर्न सकिएन । यस सम्बन्धमा सम्बन्धीत निकायले ध्यान दिएको पाइएन ।

सैद्धान्तिक बेरुजु

७७ **परामर्स तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रमअनुसार संलग्न अनुसूचीबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा ७७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

७८ **सार्वजनिक निर्माण व्यवस्थापन -** सार्वजनिक निर्माण व्यवस्थापन सम्बन्धमा देखिएका ब्यहोराहरू निम्नानुसार रहेका छन्

**निर्माण कार्यको लगत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन । यस पालिकाले गत विगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरूसमेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

**कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ । त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशनबमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन ।

**गुणस्तर परिक्षण -** सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरूमा प्रयोग हुने निर्माण सामग्रीहरू रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ठुला केही ठेक्काहरूमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरू र उपभोक्ता समितिहरूबाट भएका निर्माण कार्यको परिक्षण भएको पाइएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामग्रीहरू तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

**बिमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी बिमा गराउनु पर्ने तथा बिमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले साना ठेक्काहरूमा बिमा नै नगराइ निर्माण कार्य गराएको तथा पेस्की रकम उपलब्ध गराएको एवम् तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा पर्न सक्ने देखिन्छ । यसरी बिमा नगराई नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाई बिमा गरेर मात्र निर्माण कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७९ **पि.एस.आइटम -**

*...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१४ को निर्णयबाट रू. ३,३६,६९०।- सम्परीक्षण गरिएको ।)*

८० **बढि भुक्तानी -**

*...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१४ को निर्णयबाट रू. ६,५७६।- सम्परीक्षण गरिएको ।)*

८१ **नन् फाइलर -**

*...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रू. १२,८३,४०७.५२ सम्परीक्षण गरिएको ।)*

८२ **लागत अनुमान -**

*...........(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रू. ६९,४३९।- सम्परीक्षण गरिएको ।)*

८३ **ब.उ.शि.नं.- ८०१०२५०७००१ (हिलिहाङ्ग गाउँपालिका प्रशासकिय भवन निर्माण आयोजना) तर्फ- पेस्की जमानत -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ क(१) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढने गरी पेस्की दिन सक्ने, दफा ५२क(६) अनुसार निर्माण व्यवसायी लिएको पेस्की सम्बन्धित काममा प्रयोग गरेको नपाइएमा उक्त बैङ्क जमानत जफत गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रशासकीय भवन निर्माण कार्यको लागि विभिन्न मितिमा मोबिलाईजेशन पेस्कीबापत रू. १,६०,७४,०००।- उपलब्ध गराएकोमा मिति २०७९।८।२५ गतेको निर्णयानुसार उक्त ठेक्काको निर्माण व्यवसायीलाई कालोसूचीमा राखी ठेक्का प्रकृया अन्त्य भइसकेको देखिन्छ । पालिकाको बैङ्क स्टेटमेण्टअनुसार ईस्वी संवत् सेप्टेम्बर २६, २०२३ मा नबिल बैक लि. (साबिक बंगलादेश बैक लि.), बिर्तामोड, झापाबाट जारी NB:023:GT:AP: 00189/022 को पेस्की बैङ्क जमानत जफत गरी रू. १,१०,७४,०००.०० राजस्व खातामा दाखिला भएको छ । पालिकाले अझैपनि कृषि विकास बैङ्क, फिदिम शाखाबाट जारी भएको अनुसूचीमा संलग्न विवरणबमोजिमको रू. ५०,००,०००.०० को बैङ्क जमानतको म्याद समाप्त भइसकेको भएपनि उक्त बैङ्क जमानत जफत गरी लेखापरीक्षण गरेको अवधिसम्म राजस्व खातामा दाखिला भएको देखिएन । पालिकाले सम्बन्धित बैङ्क शाखाबाट बाँकी बैङ्क जमानत जफत गरी राजस्वमा दाखिला गर्न थप पहल गर्नुपर्ने देखिन्छ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००,००० |

*(विस्तृत विवरण बेरूजु दफा ८३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

८४ **प्रशासकीय भवन निर्माण -** प्रशासकीय भवन निर्माणः महालेखापरीक्षकको पाँचौ वार्षिक प्रतिवेदन, २०७९ को क्र.सं. ४०.१ मा पालिकाको प्रशासकीय भवन निर्माणसम्बन्धी ठेक्का प्रकृयामा संलग्न निर्माण व्यवसायी एस.ए.एस. कन्ष्ट्रक्सन प्रा.लि.ले पुष्पलाल (मध्यपहाडी) योजना कार्यालय, पाँचथरबाट जारी कार्य अनुभवसम्बन्धी कागजातलाई सच्याई बिड डकुमेन्टमा पेश गरेको हुँदा उक्त बोलपत्रदाता अयोग्य ठहर भएकोले कार्यालयले छानबिन गरी निज व्यवसायीले पेश गरेको कार्य सम्पादन जमानत रू. १,००,८९,१६०।- जफत गरी सार्वजनिक खरिद कानुन र अन्य प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गर्नुपर्ने भन्ने ब्यहोरा उल्लेख भएको छ । साथै, पालिकासँग लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक मस्यौदामाथि मिति २०७९।०६।०४ गते छलफल भएको छ । पालिकाले मिति २०७९।०८।२५ गतेको निर्णयानुसार निर्माण व्यवसायी एस.ए.एस. कन्ष्ट्रक्सन प्रा.लि.लाई कालोसुचीमा राखी ठेक्का अन्त्य गरेको देखिन्छ भने कृषि बिकास बैंक लि., फिदिम शाखाबाट जारी भएको कार्य सम्पादन जमानत रू. १,००,८९,१६०.०० बैङ्क स्टेटमेण्टअनुसार ईस्वी संवत् सेप्टेम्बर ५, २०२३ मा जफत गरी पालिकाको आन्तरिक राजस्वमा दाखिला गरेको पाइयो । यसरी लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनमा छलफल भई अन्तिम प्रतिवेदनमा समेत ठेक्का प्रकृया नियमसम्मत नदेखिएकोले सार्वजनिक खरिद कानुन र अन्य प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गर्नुपर्ने सुझाव दिइएको अवस्थामा पालिकाले निर्माण व्यवसायी एस.ए.एस. कन्ष्ट्रक्सन प्रा.लि.लाई ठेक्का अन्त्य गर्नुभन्दा अगाडी मिति २०७९।०७।०३ गते भौचर नं. ८ बाट निर्माण कार्यको मूल्याङ्कन गरी प्रथम रनिङ्ग बिल रू. १,३३,६१,८३०.०० बाट पेस्की रू. १९,३४,३३२.०० फस्र्योट गरी बाँकी रकम भुक्तानी गरेको पाइयो । साथै, उक्त फर्मलाई दिइएको मोविलाइजेशन पेस्की समेत बाँकी रहेको देखिन्छ । अतः ठेक्का प्रकृया अन्त्य गर्नुभन्दा अगाडी निर्माण कार्यको मूल्याङ्कन गरी भुक्तानी गर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई भुक्तानी सम्बन्धमा आवश्यक छानबिन गर्नुपर्दछ ।

| क्र.सं. | कर्मचारीको नाम | अनियमित रकम |
|---|---|---|
| ८४.१ | एस.ए.एस. कन्ष्ट्रक्सन प्रा.लि., बिर्तामोड | १,३३,६१,८३० |
| | अनियमित भएको | १,३३,६१,८३० |

८५ **ठेक्का बिल अधावधिक नभएको -**

***..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१४ को निर्णयबाट रू.१०,५२,६५७ ।- सम्परीक्षण गरिएको ।)***

८६ **फलामे डण्डीको बढी खपत -** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्बजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । त्यस्तै सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ख) मा खरिद सम्झौता अनुसार सार्बजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रशासकीय भवन निर्माण कार्यको लागत अनुमान तयार गर्दा प्रयोग हुने फलामे डण्डीको BAR BENDING SCHEDULE को आधारमा खपत हुने परिमाण गणना नगरी एकमुष्ट प्रतिशतका आधारमा परिमाण कायम गरेको पाइयो । उक्त भवनको संरचना (STUCTURE) अनुसार बढीमा १.५ प्रतिशतसम्म औषतमा राख्नुपर्नेमा २.९४ प्रतिशत राखेको पाइयो । पालिकाले प्रथम रनिङ्ग बिलको कार्य मूल्याङ्कन हुँदा अनुसूचीबमोजिम फलामे डण्डीको प्रयोग फाउण्डेशनको फुटिङ्ग, टाई बिम र प्लिन्थ बिममा मात्र प्रयोग

भएको परिमाणको आधारमा नापी किताबअनुसार भएको कार्य RCC 1:1.5:3 ३१९.०९ घ.मी. को औषतमा १.२५ प्रतिशत मात्र REINFORCEMENT को परिमाण राख्नुपर्नेमा २.५ प्रतिशत राखी भुक्तानी दिएको छ । यसरी बढी कार्य परिमाण बापत भुक्तानी भएको रकम रू. ३५,०२,६५० पालिकाबाट यकिन गरी असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,०२,६५० |

*(विस्तृत विवरण बेरूजु दफा ८६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

८७ **अग्रिम आय कर -**

*...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१४ को निर्णयबाट रू. १२,०७३।- सम्परीक्षण गरिएको ।)*

८८ **लेखापरीक्षण प्रतिबेदनको अनुगमन -** पालिकाअन्तर्गत्को ५ बेड अस्पताल निर्माण योजनाका निर्माण व्यवसायी श्री एपेक्स/मिशन जे. भी. ले कार्य अनुभवको हकमा शहरी विकास तथा भवन कार्यालय, पर्सा विरगंजको च. नं. १६० मिति २०७८/८/२९ को पत्रानुसार पर्सा र रौतहटमा रू. १०,२६,९२,४३१.१३ मा Construction of Old Age Home को कार्य २०७८/१/२७ मा सम्झौता गरी २०७९/१/२३ भित्र RCC Masonry 738.50 cum, Ashlar Stone Masonry 1809.60 cum, Steel Reinforcement 125.18 MT को कार्य गरेको प्रतिलिपि पत्र पेश गरेको छ । शहरी विकास कार्यालय, पर्सा, विरगंजको पत्रानुसार सो जे.भी.ले भवन निर्माण कार्य मिति २०७९।१।२३ (Date of Completion) मा सम्पन्न गरेको भनि मिति २०७८।८।२९ मा कार्य अनुभवको पत्र जारी गरेको देखिन्छ । कार्य सम्पन्न गरेको मिति भन्दा ४ महिना २३ दिन अगाबै निर्माण कार्य सम्पन्न भएको उल्लेख गरेको देखिँदा सो कार्य सम्पन्न भएको ठहरिने प्राविधिक तथा वस्तुनिष्ठ आधार देखिदैंन । सो पत्रको अनुभवलाई मान्यता दिने आधार नदेखिँदा सो आधारमा बोलपत्रदातालाई अयोग्य ठहर गर्नुपर्ने देखिन्छ । यस्तो अवस्थामा पनि कार्यालयले कार्य अनुभवको यथार्थता सुनिश्चित नगरी सो पत्रमा उल्लिखित कार्य अनुभवलाई नै मान्यता दिई बोलपत्रदातालाई योग्य ठहर गरेको पाइयो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कार्य स्वीकार प्रतिवेदन पेश नगरेको र सोही नियमावलीको नियम १२५(९) अनुसार कार्य सम्पन्न प्रमाण पत्र पेश नभएको स्थितिमा कार्यालयले सो कार्य यथार्थमा एक सरकारी भवन सो परिमाणमा सम्पन्न गरेको सुनिश्चित गरेको पाइएन । साथै, अन्य कार्य अनुभवका हकमा पनि ठेक्काको सर्तबमोजिम कार्य गरेको अनुभव सुनिश्चित नै नभएको अवस्थामा श्री एपेक्स/मिशन जे. भी. लाई योग्य ठहर गरी ठेक्का सम्झौता गरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कार्य सम्पादन जमानत नियन्त्रणमा लिनेलगायतका कारबाही प्रकृया अगाडि बढाउनुपर्ने व्यहोरा आ.व.-२०७८।७९ को लेखापरीक्षण प्रतिबेदनमा उल्लेख भएकोमाा पालिकाले जे.भी.बाट पेश गरेको अनुभवको यथार्थता परीक्षण गर्न छानविन समिति गठन गरी यथार्थता सुनिश्चित गरेको छैन । यसरी त्रुटीपूर्ण गलत अनुभवको प्रमाण पेश गरेको सम्बन्धमा छानविन गरेर मात्र ठेक्काको कार्य अगाडि बढाउनुपर्नेमा सो नगरी उक्त निर्माण व्यवसायी श्री एपेक्स/मिशन जे. भी.लाई आ.व. २०७९/८० मा रनिङ्ग बिलबाट रू. ४९,७०,५६८.०० (मू.अ.कर सहित) भुक्तानी गरेको देखिन्छ । पालिकाले कार्य अनुभवको यथार्थता सुनिश्चित गरी सो अनुसारको भएको नपाइएमा ठेकेदारलाई कालोसूचीमा राखी कार्य सम्पादन जमानत जफत गर्नुका साथै ठेक्का तोड्नेसम्मको कारबाही अगाडि बढाउनुपर्नेमा लेखापरीक्षण प्रतिवेदनको वेवास्ता गरी निर्माण कार्य अगाडि बढाइएको हुँदा ठेक्का प्रकृया नियमसम्मत रहेको भन्न सक्ने अवस्था देखिएन । अतः ठेक्का प्रकृयाको यथार्थता सम्बन्धमा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको व्यहोराको पूर्ण कार्यान्वयन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः** २०७९/८०

**कार्यालय र स्थान :** हिलिहाङ गाउँपालिका, पाँचथर ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत श्री टोपेन्द्र कुमार लिम्बु | २०८०-१-५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत श्री बिक्रम लिम्बु | २०७६-७-२१ | २०८०-१०-२५ |
| लेखा प्रमुख | लेखा अधिकृत श्री ईश्वरी प्रसाद पाण्डे | २०७९-११-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Subash Bhattarai | २०७४-५-२८ | २०७९-११-१६ |

**बेरुजु वर्गीकरणः**

| असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेस्की |
|---|---|---|---|---|---|
| १०,९१९,५६६ | १५,१६८,८६३ | २,४४५,६५७.५२ | ० | ० | १५१,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रू.** | २८,६८५,०८६.५२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट गरी सम्परीक्षण भएको रकम रू.** | ६,८२०,६०६.५२ |
| | | | | **सम्परीक्षणबाट थप भएको बेरुजु रू.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रू.** | २१,८६४,४८० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | | ६२७६२०६८.९६ |
| आम्दानी | | खर्च | |
| सङ्घीय सरकारबाट अनुदान | ३१७६०३५३८.६४ | चालु खर्च | ३७२६१७५४०.०१ |
| प्रदेश सरकारबाट अनुदान | १३६५२०८३ | पुंजीगत खर्च | १५३७०९६४२.०४ |
| राजस्व बाँडफाँट | ७५७९४५८४.७८ | वित्तीय/अन्य व्यवस्था | १५१२६८९९.४७ |
| आन्तरिक आय | ५८०४९७४.०२ | | |
| अन्य आय | ११६६६६४३४.८४ | | |
| कुल आय | ५२९५२१६१५.२८ | कुल खर्च | ५४१४५४०८१.५२ |
| बाँकी मौज्दात | | | ५०८२९६०२.७२ |

## बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची -२

| प्राप्ति भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रू. | | | | गतवर्ष रू. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ति (क+ख) | | ५५,५९,६२,४७९.०० | ४२,१२,४५,१४६.९८ | | ४२,१२,४५,१४६.९८ | ४३,१२,३५,११०.२२ | | ४३,१२,३५,११०.२२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५४,२६,४२,९२२.०० | ४१,५०,६४,४२१.९८ | ० | ४१,५०,६४,४२१.९८ | ४२,०९,४९,३२१.४९ | ० | ४२,०९,४९,३२१.४९ |
| ११००० कर | ११ | ९,३३,२५,०००.०० | ७,६९,१२,६१९.३५ | ० | ७,६९,१२,६१९.३५ | ७,७७,४२,४४२.७१ | ० | ७,७७,४२,४४२.७१ |
| १३००० अनुदान | | ३८,८५,१३,७७२.०० | ३३,१२,५५,६२१.६४ | ० | ३३,१२,५५,६२१.६४ | ३३,५३,३४,३८३.७९ | ० | ३३,५३,३४,३८३.७९ |
| सङ्घीय सरकार | १२ | ३६,९२,८३,७७२.०० | ३१,७६,०३,५३८.६४ | ० | ३१,७६,०३,५३८.६४ | ३१,९०,०५,९९८.७९ | ० | ३१,९०,०५,९९८.७९ |

| प्राप्ति भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रू. | | | | गतवर्ष रू. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्रदेश सरकार | १२ | १,९२,३०,०००.०० | १,३६,५२,०८३.०० | ० | १,३६,५२,०८३.०० | १,६३,२८,३८५.०० | ० | १,६३,२८,३८५.०० |
| १४००० अन्य राजस्व | | ४८,४५,०००.०० | ४६,८६,९३९.४५ | ० | ४६,८६,९३९.४५ | ४९,०७,४७५.९९ | ० | ४९,०७,४७५.९९ |
| १५००० विविध प्राप्ति | | १५,००,०००.०० | २२,०९,२४१.५४ | ० | २२,०९,२४१.५४ | २९,६५,०१९.०० | ० | २९,६५,०१९.०० |
| ३२००० वित्तीय सम्पत्ति | | ५,४४,५९,१५०.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,३३,१९,५५७.०० | ६१,८०,७२५.०० | | ६१,८०,७२५.०० | १,०२,८५,७८८.७३ | | १,०२,८५,७८८.७३ |
| वितरण गर्न बाकी राजस्व | | ० | ११,३२,०३५.०० | ० | ११,३२,०३५.०० | ६,३२,०३५.०० | ० | ६,३२,०३५.०० |
| कोषहरू | | १,३३,१९,५५७.०० | ० | ० | ० | ६०,८५,७५७.७३ | ० | ६०,८५,७५७.७३ |
| धरौटी | | ० | ५०,४८,६९०.०० | ० | ५०,४८,६९०.०० | ३५,६७,९९६.०० | ० | ३५,६७,९९६.०० |
| सङ्घीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५५,५९,६२,४७९.०० | ४४,३६,२३,७१९.५२ | | ४४,३६,२३,७१९.५२ | ४१,६३,९७,१७८.२१ | | ४१,६३,९७,१७८.२१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५४,२६,४२,९२२.०० | ४२,९८,२८,१६४.०५ | | ४२,९८,२८,१६४.०५ | ३९,७५,७५,७२९.२१ | | ३९,७५,७५,७२९.२१ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २५,१२,४१,६७१.०० | २१,५३,४२,५५३.०३ | ० | २१,५३,४२,५५३.०३ | १६,९४,११,८९५.४२ | ० | १६,९४,११,८९५.४२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,३२,००,४०७.०० | ७,२१,२५,८७६.९८ | ० | ७,२१,२५,८७६.९८ | ८,७५,७५,२१६.०० | ० | ८,७५,७५,२१६.०० |
| २५००० सहायता (Subsidy) | १८ | २,००,०००.०० | २,००,०००.०० | ० | २,००,०००.०० | ५९,६२,२१०.०० | ० | ५९,६२,२१०.०० |
| २६००० अनुदान | १८ | २५,६८,०००.०० | २३,०३,०००.०० | ० | २३,०३,०००.०० | १,००,०००.०० | ० | १,००,०००.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १९,७७,०००.०० | १८,७६,९७६.०० | ० | १८,७६,९७६.०० | ७६,६३,३६५.०० | ० | ७६,६३,३६५.०० |
| २८००० अन्य खर्च | १८ | १०,००,०००.०० | ८,२४,११६.०० | ० | ८,२४,११६.०० | ५,९५,४००.०० | ० | ५,९५,४००.०० |

| प्राप्ति भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रू. | | | | गतवर्ष रू. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| ३१००० गैर वित्तीय सम्पत्ती / पुंजीगत खर्च | १८ | १९,२४,५५,८४४.०० | १३,७१,५५,६४२.०४ | ० | १३,७१,५५,६४२.०४ | १२,६२,६७,६४२.७९ | ० | १२,६२,६७,६४२.७९ |
| घ. अन्य भूक्तानी | | १,३३,१९,५५७.०० | १,३७,९५,५५५.४७ | | १,३७,९५,५५५.४७ | ४१,६३,९७,१७८.२१ | | ४१,६३,९७,१७८.२१ |
| कोषहरू | | १,३३,१९,५५७.०० | १,०७,४१,६७६.४७ | ० | १,०७,४१,६७६.४७ | १,६४,९२,११९.०० | ० | १,६४,९२,११९.०० |
| धरौटी | | ० | ३०,८९,०३९.०० | ० | ३०,८९,०३९.०० | २३,२९,३३०.०० | ० | २३,२९,३३०.०० |
| सङ्घीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -३५,१६०.०० | | -३५,१६०.०० | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (२,२३,७८,५७२.५४) | | (२,२३,७८,५७२.५४) | १,४८,३७,९३२.०१ | | १,४८,३७,९३२.०१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ७,४३,४३,६८०.४६ | | ७,४३,४३,६८०.४६ | ४,७९,२४,१३६.९५ | | ४,७९,२४,१३६.९५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ५,१९,६५,१०७.९२ | | ५,१९,६५,१०७.९२ | ६,२७,६२,०६८.९६ | | ६,२७,६२,०६८.९६ |
| | | | | | | | | |
| बैङ्क तथा नगद बाकी | २४ | | ५,०८,१४,६०७.९२ | | ५,०८,१४,६०७.९२ | ६,२२,६२,०५५.९६ | | ६,२२,६२,०५५.९६ |

## बेरूजु दफा ८ सँग सम्बन्धित विवरण - अनुसूची -४

| खाता | स्रेस्ताअनुसार मौज्दात रू. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रू. | फरक रू. |
|---|---|---|---|
| ग४.१, स्थानीय तह सञ्चित कोष खाता | ३,९७,२९,८२८.६७ | ३,९७,४४,८२३.४७ | १४,९९४.८० |
| ग२.२, चालू खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० | ०.०० |
| ग२.४, पुंजीगत खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० | ०.०० |
| ग२.७, विविध खर्च खाता | १०,२७,३४८.२६ | १०,२७,३४८.२६ | ०.०० |

| खाता | स्रेस्ताअनुसार मौज्दात रू. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रू. | फरक रू. |
|---|---|---|---|
| ग३.१, स्थानीय तह धरौटी खाता | ७४,४०,४४१.०० | ७४,४०,४४१.०० | ०.०० |
| ग१.१, आन्तरिक राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| ग१.२, बाँडफाँटबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०१ | ०.०१ |
| ग१.३, आन्तरिक अनुदान खाता | ०.०० | ०.०० | ०.०० |
| ग६.१, स्थानीय तह विभाज्य कोष खाता | ११,३२,०३५.०० | ११,३२,०३५.०० | ०.०० |
| ग७.१, स्थानीय तह आकस्मिक कोष खाता | १२,५८३.९६ | १२,५८३.९६ | ०.०० |
| ग७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १४,७२,३७१.०३ | १४,७२,३७१.०३ | ०.०० |
| ग५.१, विविध कोष खाता | ०.०० | ५,००,०००.०० | ५,००,०००.०० |
| लैंगिक हिंसा निवारण कोष | ०.०० | १,००,०००.०० | १,००,०००.०० |
| जम्मा | | | ६,१४,९९४.८१ |

## बेरूजु दफा २० सँग सम्बन्धित विवरण - अनुसूची -५

| क्र.सं. | संकलन गरिने क्षेत्र | उत्खनन्योग्य परिमाण (घ.मि.) | कैफियत |
|---|---|---|---|
| १ | हेवा खोला डुम्रेफेदी | ३३० | |
| २ | हेवा खोला खैरेनी | ५९४ | |
| ३ | हेवा खोला भुत्ते | ३२८ | |
| ४ | हेवा खोला थाम्देन बगर | १३४४ | |
| ५ | तमोर खोला पिनासी बगर | ७७० | |
| ६ | तमोर खोला त्रिवेणी पुल | १०३८ | ठेक्कामा समावेश नगरेको |
| ७ | तमोर खोला लिम्बुनी पुल | ६०४ | |

| क्र.सं. | संकलन गरिने क्षेत्र | उत्खनन्योग्य परिमाण (घ.मि.) | कैफियत |
|---|---|---|---|
| ८ | काबेली सिरुपा बगर | १०७५ | |
| ९ | काबेली मालबाँसे बगर | ४२७ | |
| **जम्मा** | | **६५१०** | |

## बेरूजु दफा ३२ सँग सम्बन्धित विवरण - अनुसूची -६

| बजेट शीर्षक | विनियोजित बजेट रू. | कुल खर्च रू. | त्रैमासिक खर्च (रू.हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | आषाढ महिना |
| कुल पुँजीगत खर्च | १९,२४,५५ | १३,७१,५५ | ६,९५१ | २२,५८१ | २४९ | १,०७,३७४ | ७०,१९६ |
| खर्चको प्रतिशत | १०० | ७१.२६ | ५.०७ | १६.४६ | ०.१८ | ७८.२९ | ५१.१८ |

## बेरूजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची -८

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | | |
| गाउँपालिकाको कार्यालय (वर्ग मिटर) | | १४७४.४७ | निःशुल्क | अन्य वडा तथा कार्यालयहरूको नाममा रहेको जग्गाको अभिलेख अद्यावधिक गर्नुपर्ने |
| वडा नं. ६ को कार्यालय (वर्ग मिटर) | | ७७५.०३ | निःशुल्क | |
| आधारभुत स्वास्थ्य केन्द्र वडा नं. ८ (वर्ग मिटर) | | १०१७.४८ | निःशुल्क | |
| वडा नं. ३ को कार्यालय (वर्ग मिटर) | | ५०८.७४ | निःशुल्क | |
| सवारी साधन (रू.१ लाखभन्दा बढी) | | | | |
| चारपाङ्ग्रे जीप | | १ | ४३८०५३१ | |
| मोटरसाइकल | | ३१ | ९५६१५७३ | |

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| उपकरण (रू.१ लाखभन्दा बढी) | | | | |
| व्याकहो लोडर | | १ | ४४९०००० | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | | | नभएको |
| अतिक्रमणमा परेको जग्गा | | | | नभएको |
| अतिक्रमण हटाउन गरेको प्रयास | | | | नभएको |

## बेरूजु दफा ४६ सँग सम्बन्धित विवरण - अनुसूची -९

| क्र.सं. | भौ.नं. र मिति | पेस्कीको विवरण | पेस्की लिने व्यक्ति र फर्मको नाम | म्याद ननाघेको पेस्की रकम रू. |
|---|---|---|---|---|
| १ | १-२०७९।४।१ अ.ल्या. गरेको | गोपेटार प्राथमिक स्वास्थ्य केन्द्र, गोपेटार | एपेक्स/मिसन जे.भी | ५०,००,०००.०० |
| २ | १-२०७९।४।१ अ.ल्या. गरेको | गाउँपालिका प्रशासकीय भवन निर्माण | एस. ए. एस. कन्स्ट्रक्सन प्रा.लि. | ८१,३९,६६८.०० |
| ३ | १-२०७९।४।१ अ.ल्या. गरेको | तमोर बृहद पम्पीङ खानेपानी तथा सरसफाइ | तमोर बृहद पम्पीङ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | ३,८०,०००.०० |
| ४ | **CGAS** बाट भुक्तानी | मोविलाइजेशन पेस्की | एपेक्स/मिसन जे.भी | १,१७,३९,६६५.०० |
| जम्मा | | | | २,५२,५९,३३३.०० |

## बेरूजु दफा ५३.२ सँग सम्बन्धित विवरण - अनुसूची -१०

| क्र.सं. | फर्म/उद्योगहरूको विवरण | जम्मा लागत अनुमान (रु) | पालिकाले व्यहोर्ने ५० % अनुदान रकम (रु) | कार्य सम्पन्न रकम (रु) | भुक्तानी रकम (रु) |
|---|---|---|---|---|---|
| १ | अमरपुर डेरी उद्योग हिलिहाङ- १ | १५,२७,८१६.३५ | ७,६३,९०८.१८ | १५,८५,८६९.४० | ७,६३,९०८ |
| २ | सागर डेरी एकीकृत कृषि तथा पशुपंक्षी फर्म, हिलिहाङ-३ | २,६९,५०० | १,३४,७५० | २,६९,५०० | १,३४,७५० |
| ३ | सफल दुध डेरी उद्योग, हिलिहाङ-५ | १,५४,००० | ७७,००० | १,३७,००० | ६८,५०० |
| ४ | एकचेपा डेरी, कृषि तथा पशुपंक्षी फर्म, हिलिहाङ- ७ | ४,६४,८७७.९६ | २,३२,४३८.९८ | ४,६२,४५९.५१ | २,३१,२२९ |
| जम्मा | | | | २३९६७७५.८६ | ११९८३८७ |

## बेरूजु दफा ५३.३ सँग सम्बन्धित विवरण - अनुसूची -११

| क्र.स. | कार्यक्रमको नाम | समूहको नाम ठेगाना | लागत अनुमान | पालिकाले व्यहोर्ने रकम | कार्यसम्पन्न रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | तरकारी पकेट विकास कार्यक्रम(निरन्तरता) | श्री जुझारू बहुउद्देश्यीय कृषक समूह हिलिहाङ ५ | ४,००,०००.०० | २,००,०००.०० | ४,००,०००.०० | २,००,०००.०० |
| २ | तरकारी पकेट विकास कार्यक्रम(निरन्तरता) | श्री पाथिभरा कृषक समूह हिलिहाङ ६ | ३,६८,५००.०० | २,००,०००.०० | ३,६८,५००.०० | २,००,०००.०० |
| ३ | तरकारी पकेट विकास कार्यक्रम(निरन्तरता) | श्री सुर्योदय आई.पि.एम कृषक पाठशाला समूह, हिलिहाङ ७ | ३,५८,७००.०० | २,००,०००.०० | ३,५८,७००.०० | २,००,०००.०० |
| ४ | नयाँ तरकारी पकेट विकास कार्यक्रम | श्री आद मुखी कृषि तथा पशुपञ्छी पालन समूह, हिलिहाङ १ | ८,११,६५७.०० | ६,००,०००.०० | ८,११,६५७.०० | ६,००,०००.०० |
| ५ | नयाँ तरकारी पकेट विकास कार्यक्रम | श्री नयाँ सुर्योदय आई.पी.एम कृषक पाठशाला कृषक समुहहिलिहाङ ७ | ८,२८,६०५.०० | ६,००,०००.०० | ८,२८,६०५.०० | ६,००,०००.०० |
| जम्मा | | | | १८,००,०००.०० | | १८,००,०००.०० |

## बेरूजु दफा ५३.४ सँग सम्बन्धित विवरण - अनुसूची -१२

| क्र.स. | कार्यक्रमको नाम | उपभोक्ता समित | लागत अनुमान | पालिकाले व्यहोर्ने रकम | कार्यसम्पन्न रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | चतुरे कृषि हाटबजार टहरा निर्माण | श्री चतुरे कृषि हाटबजार उपभोक्ता समिति, हिलिहाङ ५ | १२,००,६२५.४८.०० | ९,६०,०००.०० | १२,००,६२५.४८ | ९,६०,०००.०० |

## बेरूजु दफा ५३.५ सँग सम्बन्धित विवरण - अनुसूची -१३

| वडा नं | लाभग्राहिको नाम | कार्यक्रम | पाएको संख्या | जम्मा मूल्य | पालिकाले भुक्तानी गरेको रकम |
|---|---|---|---|---|---|
| १ | जगत बहादुर राई | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | २९१९५.४१ |
| | सान्ता राई | बंगुरपालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | २८९९१ |
| | लक्ष्मि प्रसाद लिङ्देन | कुखुरापालन अन्तर्गत खोर निर्माण | १ | १८७५० | १४८१४.७८ |
| | आईत माया विश्वकर्मा | कुखुरापालन अन्तर्गत खोर निर्माण | १ | १८७५० | १४८१४.७८ |
| | विपना शिगु | कुखुरापालन अन्तर्गत खोर निर्माण | १ | १८७५० | १४८१४.७८ |
| | प्रेमकुमारी शिगु | कुखुरापालन अन्तर्गत खोर निर्माण | १ | १८७५० | १४८१४.७८ |

| वडा नं | लाभग्राहिको नाम | कार्यक्रम | पाएको संख्या | जम्मा मूल्य | पालिकाले भुक्तानी गरेको रकम |
|---|---|---|---|---|---|
| | दुर्गा कुमार कार्की | कुखुरापालन अन्तर्गत खोर निर्माण | १ | १८७५० | १४८१४.७८ |
| | केदार जोगी | कुखुरापालन अन्तर्गत खोर निर्माण | १ | १८७५० | १४८१४.७८ |
| | कृष्ण शिगु | कुखुरापालन अन्तर्गत खोर निर्माण | १ | १८७५० | १४८१४.७८ |
| | दिल कुमार तामाङ थिङ | कुखुरापालन अन्तर्गत खोर निर्माण | १ | १८७५० | १४८१४.७८ |
| | नेत्र जोगी | कुखुरापालन अन्तर्गत खोर निर्माण | १ | १८७५० | १४८१४.७८ |
| | टंकनाथ कार्की | कुखुरापालन अन्तर्गत खोर निर्माण | १ | १८७५० | १४८१४.७८ |
| २ | कुल बहादुर दाहाल | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | सुरेन्द्र खतिवडा | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | नर माया हेम्ब्या लिम्बु | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | उदय राम कटुवाल | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | देव कुमारी चापागाई | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | सुक माया तामाङ | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | विरेन्द्र थापा | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| ३ | रत्न बहादुर योङहाङ | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | होमनाथ पौडेल | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | पुर्ण बहादुर मौनाली | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | तारा कुमार कार्की | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | पुर्णबहादुरकार्की | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | धन बहादुर पालुङवा | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | गंगा बहादुर लिङदेन | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |

| वडा नं | लाभग्राहिको नाम | कार्यक्रम | पाएको संख्या | जम्मा मुल्य | पालिकाले भुक्तानी गरेको रकम |
|---|---|---|---|---|---|
| ४ | बुधमाया विश्वकर्मा | बाखा पालनअन्तर्गत माउ बाखा तथा पाठापाठी खरिद | ९ | ३७५०० | ३०००० |
| | सावित्रा योङहाङ | सुंगुर पालनअन्तर्गत माउ वंगुर तथा पाठापाठी खरिद | ११ | ३७५०० | ३०००० |
| | कमला देवी गिरी | बाखा पालनअन्तर्गत माउ बाखा तथा पाठापाठी खरिद | ७ | ३७५०० | ३०००० |
| | विमला सेवाहाङ | सुंगुर पालनअन्तर्गत माउ वंगुर तथा पाठापाठी खरिद | ७ | ३७५०० | ३०००० |
| | जित बहादुर विश्वकर्मा | बाखा पालनअन्तर्गत माउ बाखा तथा पाठापाठी खरिद | ७ | ३७५०० | ३०००० |
| | राम माया रसाईली | सुंगुर पालनअन्तर्गत माउ वंगुर तथा पाठापाठी खरिद | ६ | ३७५०० | ३०००० |
| | देउमान कामी | बाखापालनअन्तर्गत माउ बाखा तथा पाठापाठी खरिद | ७ | ३७५०० | ३०००० |
| ५ | सुरेन्द्र उभरकोटी | बंगुरपालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | हिमा देवि सार्की | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | विरेन्द्र सुहाङ | बंगुरपालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | शर्न प्रसाद केरुङ | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | ढुण्डिराज न्यौपाने | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | लेखनाथ योङहाङ | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | मोहन कुमार सुहाङ | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| ६ | छत्र बहादुर दर्जी | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | आशिस तामाङ | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | भिम बहादुर साउदेन | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | मान ब. हाङसरुम्बा | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | मानमाया लिङदेन | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | रघुनाथ अधिकारी | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |

| वडा नं | लाभग्राहिको नाम | कार्यक्रम | पाएको संख्या | जम्मा मूल्य | पालिकाले भुक्तानी गरेको रकम |
|---|---|---|---|---|---|
| | लक्ष्मी प्र. मैनाली | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| ७ | किसन लक्सन | बंगुरपालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | सन्तविर विश्वकर्मा | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | रन सिंह तामाङ | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | दिल कुमारी श्रेष्ठ | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | विमल रिजाल | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | भिम बहादुर तामाङ | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |
| | चनु माझी | बाखापालन अन्तर्गत खोर निर्माण | १ | ३७५०० | ३०००० |

**बेरूजु दफा ५४ सँग सम्बन्धित विवरण - अनुसूची -१४**

***..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१४ को निर्णयबाट रू. ६२,४२१।- सम्परीक्षण गरिएको ।)***

**बेरूजु दफा ५५ सँग सम्बन्धित विवरण - अनुसूची -१५**

| गो.भौ.नं./मिति | भुक्तानी पाउने | विवरण | परिमाण | रकम |
|---|---|---|---|---|
| ३२९।२०८०।०३।२१ | रमाइलो एडभरटाइजमेन्ट प्रालि | डायरी छपाई | | ४९७२४७ |
| ३४८।२०८०।०३।२२ | ग्राफिका ट्रेड एण्ड सप्लायर्स | शैक्षिक क्यालेण्डर छपाई | | ९९६६६ |
| ३७९।२०८०।०३।२३ | ग्राफिका ट्रेड एण्ड सप्लायर्स | क्यालेण्डर छपाई | | ३५७५० |
| **जम्मा** | | | | **६३२६६३** |

### बेरूजु दफा ५७ सँग सम्बन्धित विवरण - अनुसूची -१६

*........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रू. २,४६,५५९।- सम्परीक्षण गरिएको ।)*

### बेरूजु दफा ५९.२ सँग सम्बन्धित विवरण - अनुसूची -१७

| क.सं. | विवरण | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा निकासा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| १ | जेष्ठ नागरीक | १२५४ | १४२७७३७९ | १२६८ | १५०८७५४७ | १२७४ | १५०३२१११ | १२७८ | १५१५०६३७ | ५९५४७६७४ |
| २ | जेष्ठ नागरीक दलित | ८३ | ६५१७०० | ८६ | ६६८५४७ | ८६ | ६७३८९७ | ८६ | ६६५००० | २६५९१४४ |
| ३ | जेष्ठ नागरीक एकल महिला | १६२ | १२८४७८० | १६६ | १३१४०४० | १६८ | १३२७३४० | १६७ | १३३२६६० | ५२५८८२० |
| ४ | विधवा | २२५ | १७७१५६० | २३० | १८२२१०० | २३५ | १८३८१५२ | २४१ | १८८५९४० | ७३१७७५२ |
| ५ | पूर्ण अपाङ्ग | ४५ | ५३०६७० | ४५ | ५३२४५९ | ४२ | ५०२७४० | ४६ | ५२६६८० | २०९२५४९ |
| ६ | अतिअसक्त अपाङ्ग | ८६ | ५४२६४० | ८६ | ५४९०२४ | ८७ | ५४४७६८ | ९७ | ५७६६८८ | २२१३१२० |
| ७ | वालपोषण दलित | १६४ | २५७११० | १६५ | २५३५४६ | १६० | २४७५०१ | १६७ | २४८८०२ | १००६९५९ |
| जम्मा | | २०१९ | १९३१५८३९ | २०४६ | २०२२७२६३ | २०५२ | २०१६६५०९ | २०८२ | २०३८६४०७ | ८००९६०१८ |

### बेरूजु दफा ५९.३ सँग सम्बन्धित विवरण - अनुसूची -१८

| क.सं. | विवरण | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | वितरण रकम |
| १ | जेष्ठ नागरीक | १२४० | १४१२१९४५ | १२५३ | १४९०७५४७ | १२५३ | १४८५९८३५ | १२६० | १४९५९५१० | ५८८४८८३७ |
| २ | जेष्ठ नागरीक दलित | ८० | ६३३०८० | ८४ | ६५२५८७ | ८३ | ६५७०२० | ८४ | ६४९०७० | २५९१७५७ |

| क.सं. | विवरण | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | वितरण रकम |
| ३ | जेष्ठ नागरीक एकल महिला | १६१ | १२७६८०० | १६४ | १३०३४०० | १६६ | १३१६७०० | १६५ | १३१६७०० | ५२१३६०० |
| ४ | विधवा | २२२ | १७५८२६० | २२९ | १८१४१२० | २३३ | १८२७५१२ | ३३७ | १८५९३४० | ७२५९२३२ |
| ५ | पूर्ण अपाङ्ग | ४४ | ५१८७०० | ४४ | ५२०४८९ | ४१ | ४९०७७० | ४५ | ५१४७१० | २०४४६६९ |
| ६ | अतिअसक्त अपाङ्ग | ८४ | ५२९८७२ | ८४ | ५३६२५६ | ८६ | ५४२६४० | ९५ | ५६८१७६ | २१७६९४४ |
| ७ | वालपोषण दलित | १४७ | २३११२८ | १५१ | २३१९११ | १४४ | २२३५६१ | १४५ | २१९४३९ | ९०६०३९ |
| | **जम्मा** | १९७८ | १९०६९७८५ | २००९ | १९९६६३१० | २००६ | १९९१८०३८ | २०३१ | २००८६९४५ | ७९०४१०७८ |

**बेरूजु दफा ६० सँग सम्बन्धित विवरण - अनुसूची -१९**

*..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२५ को निर्णयबाट रू. १,५६,०००।- सम्परीक्षण गरिएको ।)*

**बेरूजु दफा ६२ सँग सम्बन्धित विवरण - अनुसूची -२०**

| क.सं. | विद्यालयको नाम | बुझिलिएको प्याड प्याकेट संख्या | प्रति प्याकेट मुल्य | जम्मा मुल्य |
|---|---|---|---|---|
| १ | अमरपुर मावि, अमरपुर हिलिहाङ-१ | ९९८ | ८६ | ८५८२८ |
| २ | अमरज्योति आवि,अमरपुर हिलिहाङ-१ | ४७६ | ८६ | ४०९३६ |
| ३ | सिंहपुर पशुपति मावि,सिंहपुर हिलिहाङ-२ | १९६० | ८६ | १६८५६० |
| ४ | सिरिजंग मावि,गोपेटार | १५५४ | ८६ | १३३६४४ |
| ५ | शिवालय आवि,डाँडे | १०४ | ८६ | ८९४४ |
| ६ | सिद्ध मावि,पञ्चमी | १४६२ | ८६ | १२५७३२ |
| ७ | मझैटार आवि,मझैटार | २४४ | ८६ | २०९८४ |

| क्र.सं. | विद्यालयको नाम | बुझिलिएको प्याड प्याकेट संख्या | प्रति प्याकेट मुल्य | जम्मा मुल्य |
|---|---|---|---|---|
| ८ | निलगिरी मावि, सुभाङ | १२८८ | ८६ | ११०७६८ |
| ९ | सरस्वती मावि, ओराङ्फुङ | ५२२ | ८६ | ४४८९२ |
| १० | सिद्धेश्वरी मावि, टुवा | २१८१ | ८६ | १८७५६६ |
| ११ | सिद्धकाली मावि, अखौंले | ४८७ | ८६ | ४१८८२ |
| १२ | जोरपोखरी मावि,जोरपोखरी | ८२४ | ८६ | ७०८६४ |
| १३ | मानेडाँडा आवि | १६२ | ८६ | १३९३२ |
| १४ | सिद्धेश्वरी मावि, एकचेपा | ३६० | ८६ | ३०९६० |
| १५ | सिध्देश्वर आवि भारपा | २७८ | ८६ | २३९०८ |
| १६ | जयभवानी मावि,टारी | ५५७ | ८६ | ४७९०२ |
| १७ | बाजेन्द्रकाली आवि गोलेडाँडा | २३२ | ८६ | १९९५२ |
| १८ | पालिकाबाट हस्तान्तरण गर्न बाँकी | १९४ | ८६ | १६६८४ |
| | **जम्मा** | **१३८८३** | | **११९३९३८** |

## बेरूजु दफा ६४.१ सँग सम्बन्धित विवरण - अनुसूची -२१

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | अमरज्योति आधारभुत विद्यालय | ९ | ९ | १ | १७३ |
| २ | अमरपुर माध्यमिक विद्यालय | १९ | १९ | ७ | २१३ |
| ३ | अरुणोदय आधारभुत विद्यालय | ५ | ५ | २ | ४४ |
| ४ | कंकला बालविकास केन्द्र | ० | ० | ० | ६ |
| ५ | कञ्चनजंघा आधारभूत विद्यालय | ४ | ४ | ३ | ३४ |

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| ६ | कञ्चनजंघा हिमश्रृङ्खला आधारभूत विद्यालय | ४ | ४ | ३ | ५७ |
| ७ | काबेली आधारभूत विद्यालय | ४ | ४ | ० | ३१ |
| ८ | ज्ञानज्योती आधारभुत विद्यालय | ३ | ३ | २ | ५१ |
| ९ | जनता आधारभुत विद्यालय | ६ | ६ | १ | ६५ |
| १० | जय भवानी मा.वि. विद्यालय | ८ | ८ | १ | १६६ |
| ११ | जामुने आधारभुत विद्यालय | ४ | ४ | १ | ३३ |
| १२ | जोरपोखरी माध्यमिक विधालय | ९ | ९ | ६ | २४४ |
| १३ | डांडागाउं आधारभुत विद्यालय | ३ | ३ | १ | ४४ |
| १४ | डांडागाउं बालविकास केन्द्र | ० | ० | ० | १० |
| १५ | नमुना आधारभूत विद्यालय | १ | १ | १ | २१ |
| १६ | नीलगिरी माध्यमिक विद्यालय | १८ | १८ | ३ | ३०५ |
| १७ | फाल्गुनन्द आधारभूत विद्यालय | २ | २ | १ | ११ |
| १८ | फाल्गुनन्द प्राथमिक विद्यालय | ३ | ३ | १ | २९ |
| १९ | ब्रह्म योगेश्वर वैदिक विद्या पीठ | १ | १ | १ | १५ |
| २० | बाजेन्द्रकाली आधारभूत विद्यालय | ६ | ६ | ४ | १०२ |
| २१ | भाग्योदय आधारभूत विद्यालय | २ | १ | २ | ४२ |
| २२ | मेची आधारभूत विद्यालय | १ | १ | १ | १२ |
| २३ | मझैटार आधारभूत विद्यालय | १० | १० | ३ | १३५ |
| २४ | मृदंगा झरना आधारभूत विद्यालय | ३ | ३ | १ | ५७ |
| २५ | महादेव आधारभूत विद्यालय | ३ | ३ | १ | २६ |

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| २६ | मानेडांडा आधारभूत विद्यालय | ६ | ६ | ४ | ६१ |
| २७ | मौलोडांडा आधारभूत विद्यालय | २ | २ | १ | ४६ |
| २८ | लालिगुरांस आधारभूत विद्यालय | २ | २ | १ | २६ |
| २९ | वगैंचा आधारभुत विद्यालय | ३ | ३ | ० | २२ |
| ३० | शिवालय आधारभूत विद्यालय | ७ | ७ | १ | ७१ |
| ३१ | सुर्योदय आधारभूत विद्यालय | २ | २ | २ | ३६ |
| ३२ | सरस्वती आधारभुत विद्यालय | ० | ० | ० | १९ |
| ३३ | सरस्वती माध्यमिक विद्यालय | १२ | १२ | ४ | १६३ |
| ३४ | सुसुलुङ आधारभूत विद्यालय | ३ | ३ | ० | २९ |
| ३५ | साम्रे आधारभूत विद्यालय | ५ | ५ | १ | ७० |
| ३६ | सिद्ध माध्यमिक विद्यालय | १५ | १५ | ६ | ३६० |
| ३७ | सिद्धकाली माध्यमिक विद्यालय | ९ | ९ | ७ | १५८ |
| ३८ | सिद्धेश्वर आधारभूत विद्यालय | ९ | ९ | ३ | १४६ |
| ३९ | सिद्धेश्वरी माध्यमिक विद्यालय टुवा | २१ | २१ | ८ | ४५९ |
| ४० | सिरिजङगा माध्यमिक विद्यालय | १६ | १६ | २ | २९९ |
| ४१ | सिंहदेवी आधारभूत विद्यालय | ३ | ३ | १ | ४१ |
| ४२ | सिंहपुर पशुपति माध्यमिक विद्यालय | १७ | १७ | ७ | ४७९ |
| ४३ | सिंहमार्ग आधारभूत विद्यालय | ३ | ३ | २ | ४४ |
| ४४ | हिलिहाङ आधारभुत विद्यालय | ४ | ४ | २ | ६८ |
| ४५ | सिद्धेश्वरी माध्यमिक विद्यालय | १२ | १२ | ४ | १३२ |

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| ४६ | सिंहमार्ग आधारभूत विद्यालय | १ | ० | ० | ६ |
| जम्मा | | २८० | २७८ | १०३ | ४६६१ |

## बेरूजु दफा ६४.२ सँग सम्बन्धित विवरण - अनुसूची -२२

| तह | दरबन्दी संख्या | पदपूर्ति | | | | रिक्त | विद्यार्थी संख्या | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | जम्मा | | शैक्षिक सत्र २०७९ | |
| प्राथमिक शिक्षक | १४७ | ९५ | २६ | २४ | १४५ | २ | १९१९ | १३:१ |
| निम्न माध्यमि शिक्षक | ४३ | २३ | १८ | २ | ४३ | ० | ११०० | २६:१ |
| माध्यमिक शिक्षक | २९ | १५ | १४ | २ | २९ | ० | ७३२ | २५:१ |
| उच्च माध्यमिक शिक्षक | ६ | ० | ० | ६ | ६ | ० | ४१२ | ६९:१ |
| **जम्मा** | **२२५** | **१३३** | **५८** | **३४** | **२२३** | | **४१६३** | **१९:१** |

## बेरूजु दफा ६७ सँग सम्बन्धित विवरण - अनुसूची -२३

| क्र.सं. | तालिमको नाम | वडा नं. | तलिम अवधि | तालिम संचालन दिन | तालिममा सहभागी भएको संख्या |
|---|---|---|---|---|---|
| | **नयाँ तर्फ** | | | | |
| १ | सिलाई कटाई | १, भालुचोक | २०७९।११।९ देखि ०७९।१२।१० | ३२ | २१ |
| २ | सिलाई कटाई | ४, थापाडाँडा | २०७९।११।१० देखि ०७९।१२।९ | ३० | १७ |
| ३ | ढाका बुनाई | १, अमरपुर | २०७९।१०।१६ देखि ०७९।१२।२ | ४७ | १९ |
| ४ | ढाका बुनाई | ४, पञ्चमी | २०७९।१०।१५ देखि ०७९।१२।१ | ४९ | २० |
| ५ | शैलुन सञ्चालन | १, भालुचोक | २०७९।१२।१५ देखि ०७९।१२।२१ | ७ | ४ |
| | **स्तरोन्नति तर्फ** | | | | |

| क्र.सं. | तालिमको नाम | वडा नं. | तलिम अवधि | तालिम संचालन दिन | तालिममा सहभागी भएको संख्या |
|---|---|---|---|---|---|
| ६ | सिलाई कटाई | ५,सुभाङ | ०७९।९।४ देखि ०७९।१०।५ | ३० | ११ |
| ७ | सिलाई कटाई | ३ सिमलबोटे | ०७९।९।११ देखि ०७९।१०।१० | ३० | ११ |
| ८ | ढाका बुनाई | ५,सुभाङ | ०७९।१०।४ देखि ०७९।११।४ | ३० | १४ |
| ९ | ढाका बुनाई | ३ सिमलबोटे | ०७९।१०।४ देखि ०७९।११।४ | ३० | १४ |

## बेरूजु दफा ६८ सँग सम्बन्धित विवरण - अनुसूची -२४

| क्र.स. | आयोजनाको नाम ठेगाना | श्रमिक सं. | जम्मा कार्यदिन | लागत अनुमान | कार्य सम्मन्न खर्च | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | भालुचोक सिटेडाँडा आमचोक गोरेटोबाटो स्तरवृद्धि हिलिहाङ - १ | ९ | ९०० | ५१९३२६ | ५२०११४ | ५१९३०० |
| २ | भिमसेनस्थान आहाले कात्तिके मोटरबाटो स्तरवृद्धि सोलिङ हिलिहाङ- १ | ७ | ७०० | ४०३८४२ | ४१०६७९ | ४०३९०० |
| ३ | डाँडा गाउँ गुम्बा सिँडि निर्माण योजना हिलिहाङ- २ | ८ | ८०० | ४६१५६८ | ४६३४८९ | ४६१६०० |
| ४ | सिंहपुर मा.वि. तिलचौर रजाबेंसी गोरेटोबाटो मर्मत हिलिहाङ- २ | ९ | ९०० | ५१९२९९ | ५१९६६७ | ५१९३०० |
| ५ | तिनपाने हस्पिटल हुदै खेलमैदान पाथिभरा जाने मोटरबाटो मर्मत हिलिहाङ- ३ | ५ | ५०० | २८८५२३ | २८९३८९ | २८८५०० |
| ६ | देउराली साम्रे, डाँडि, चौतारे मध्यपहाडी जाने मो.बा. मर्मत हिलिहाङ- ३ | ११ | ११०० | ६३४६३७ | ६३४८९६ | ६३४७०० |
| ७ | प्रधानमन्त्री स्वरोजगार कार्यक्रम (मो.बा. र गो.बा. मर्मत) हिलिहाङ- ३ | ४ | ३४४ | २०००४९ | २००२९९ | १९८४८८ |
| ८ | श्रीचम्पा हिलिहाङ दरबार गोरेटोबाटो मर्मत योजना हिलिहाङ-४ | ६ | ६०० | ३४६१०४ | ३४६४५१ | ३४६२०० |
| ९ | तालखेत देखि सिरिसे हुदै तामेधारा गोरेटोबाटो मर्मत हिलिहाङ- ४ | ८ | ८०० | ४६१४७३ | ४६२३३८ | ४६१६०० |
| १० | ढकालगाउँ कुन्तादेवि बालविकास हुँदै मझैटार आ.वि. गोरेटो बाटो मर्मत हिलिहाङ- ४ | ७ | ७०० | ४०३७८८ | ४०४६०३ | ४०३९०० |
| ११ | पिपलडाँडा मसारगाउँ गुरुङछाप गैरिखेत मो.बा. मर्मत योजना हिलिहाङ- ५ | ७ | ७०० | ४०३७९० | ४०४२२३ | ४०३९०० |
| १२ | मालबाँसे जेभाले थरीचोक मो.बा. स्तरवृद्धि योजना हिलिहाङ- ५ | ९ | ९०० | ५१९३०० | ५१९३०० | ५१९३०० |
| १३ | डोप्किले मुक्कुरा नकलेघाट गो.बा. स्तरोन्नती प्र.म.रो. हिलिहाङ- ५ | ६ | ५१६ | ३०००५२ | ३००८३१ | २९७७३२ |

| क्र.स. | आयोजनाको नाम ठेगाना | श्रमिक सं. | जम्मा कार्यदिन | लागत अनुमान | कार्य सम्मन्न खर्च | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १४ | तुङनुपा हेवाखोला झो.पु. गोरेटोबाटो मर्मत योजना हिलिहाङ - ६ | १० | १००० | ५७७०७८ | ५८१७०९ | ५७७००० |
| १५ | सिद्धेश्वरी मा.वि. देखि सुवेदिधारा हुदै प्रधानघर जानेबाटो मर्मत हिलिहाङ - ६ | १० | १००० | ५७७०७८ | ५७८४०५ | ५७७००० |
| १६ | सल्लेरी एकचेपा आम्बेजानी कोरीडोर मो.बा. नाली निर्माण हिलिहाङ - ७ | १२ | १२०० | ६९२५३८ | ६९४६१६ | ६९२४०० |
| १७ | सल्लेरी डबलीडाँडा घैयाटार अग्नीरेखा निर्माण हिलिहाङ - ७ | ८ | ८०० | ५६१६५७ | ४६२१७७ | ४६१६०० |
| जम्मा | | १३६ | १३४६० | ७८७०१०३ | ७७९३१८७ | ७७६६४२० |

## बेरूजु दफा ६९ सँग सम्बन्धित विवरण - अनुसूची -२५

| खोपको प्रकार | प्राप्त डोज | प्रयोग भएको डोज | फिर्ता भएको डोज | खेर गएको |
|---|---|---|---|---|
| B.C.G | ६३२० | ५९६० | ३६० | ० |
| Rota | ९९३ | ९१९ | ७४ | ० |
| O.P.V | २६६० | २५७० | ९० | ० |
| F.I.P.V | ३९०० | ३७४० | १६० | ० |
| pcv | २०७६ | १८९६ | १८० | ० |
| DPT, Hep-B, Hib | २६६० | २५७० | ९० | ० |
| M.R | ३९७० | ३७१० | २६० | ० |
| J.E | १८६० | १५६५ | २९५ | ० |
| TCV | ९२० | ९२० | ० | ० |
| TD | १८२० | १७६० | ६० | ० |
| कोभिड फाइजर | ४८५०० | ४६५४२ | १९५८ | ० |
| जम्मा | ७५६७९ | ७२१५२ | ३५२७ | |

### बेरूजु दफा ७२.३ सँग सम्बन्धित विवरण - अनुसूची -२६

*...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१४ को निर्णयबाट रू.४७,४५५ ।- सम्परीक्षण गरिएको ।)*

### बेरूजु दफा ७२.४ सँग सम्बन्धित विवरण - अनुसूची -२७

| औषधीको नाम | २०७८/७९ बाट अ.ल्या | यस आ.व मा प्राप्त | यस आ.व मा खरिद | जम्मा | खर्च | बाँकी |
|---|---|---|---|---|---|---|
| paracetamol 500mg | ५००० | २१५०० | ५०००० | ७६५०० | १९००० | ५७५०० |
| Amoxy 500mg | ९५०० | २०००० | १०००० | ३९५०० | २९२०० | १०३०० |
| cipro 500 mg | ५०० | २००० | ५००० | ७५०० | २२०० | ५३०० |
| folic acid 5 mg | ४०००० | ६००० | ४३५०० | ८९५०० | २०६०० | ६८९०० |
| ferrous sulphate | ५७,००० | २००,००० | ० | २५७००० | १७७,००० | ८०००० |
| inj. Gentamycine | २०० | ५० | १०० | ३५० | ३५० | ० |
| Tab. Promethezine | ५५० | ० | ५०० | १०५० | ५५० | ५०० |
| fluconazole 150mg | २०० | ० | ० | २०० | ४० | १६० |
| inj. Gentamycine | १० | ० | १०० | १०० | ८० | २० |
| inj.R/L | ९७ | ३६ | 0 | १३३ | १३३ | ० |

### बेरूजु दफा ७३ सँग सम्बन्धित विवरण - अनुसूची -२८

| क्र.सं. | ब.उ.शि.नं. | गो. भौ. नं./मिति | भुक्तानी पाउने फर्मको नाम | विवरण | बिजक नं./मिति | मू.अ.कर सहित भुक्तानी रू. |
|---|---|---|---|---|---|---|
| १. | गाउँपालिका पुँजीगत | १६१।०८०।३।२२ | श्री बजगाई कन्ष्ट्रक्सन, गढी गा.पा,, सुनसरी | प्रशासकिय भवनमा अस्थाई शौचालय निर्माण | १५।०८०।३।१५ | ४९८६७२.२९ |
| २. | गाउँपालिका पुँजीगत | १४५।०८०।३।२१ | याक्थुम आल्मुनियम एण्ड फर्निचर उद्योग, फिदिम | बिभिन्न फर्निचर खरिद | ४९।०८०।११।३ | ४९८३३०.०० |

| क्र.सं. | ब.उ.शि.नं. | गो. भौ. नं./मिति | भुक्तानी पाउने फर्मको नाम | विवरण | बिजक नं./मिति | मू.अ.कर सहित भुक्तानी रू. |
|---|---|---|---|---|---|---|
| ३. | गाउँपालिका पुंजीगत | २६।०८०।१।२७ | एस.एस.पी. निर्माण सेवा एण्ड कन्स्ट्रक्सन, हिलिहाङ्ग-४, पाँचथर | भिष्म गुरागाँई घर छेउ सडकबाट त्रिपन्न देबिस्थान पाठागैरी सडक | ०३।०८०।१।२७ | ५५३५३९.६५ |
| ४. | गाउँपालिका पुंजीगत | १४२।०८०।३।२१ | आर.के.फर्निचर, धरान-९ | विभिन्न फर्निचर खरिद | २०६।०८०।३।१२ | ४९९१२१.०० |
| ५. | गाउँपालिका पुंजीगत | ६६।०८०।२।२३ | सुनकोशी निर्माण सेवा प्रा,.लि., दोलखा | हेलिप्याड निर्माण, गोपेटार | ४।०८०।२।२१ | ५४९१२३.५० |
| ६. | गाउँपालिका पुंजीगत | ६५।०८०।२।२३ | रोहन निर्माण सेवा, फिदिम-२, पाँचथर | वडा नं. ६ का तुङनुपा हेवाखोला मोटरबाटो निर्माण | २९।०८०।२।२१ | ९३०१०८.५० |
| ७. | गाउँपालिका पुंजीगत | ६२।०८०।२।२१ | भोजपुरे कन्ष्ट्रक्सन, हेटौडा | ३ नं. वडा फाउन्डेशन र वाल निर्माण योजना | १९।२०८०।२।१८ | ८८५९१९.१९ |
| ८. | गाउँपालिका पुंजीगत | ६१।०८०।२।२१ | लिङ्गदेन कन्ष्ट्रक्सन कन्ष्ट्राक्टिङ्ग म्यानुफाक्चरिङ्ग एण्ड सप्लाईङ कम्पनी प्रा.लि. | हिमालयन बैक सुके टोल वार्ड नं.३ को कार्यालय जाने बाटो स्तरोन्नती | ०४।०८०।२।१८ | ९०२८५५.६९ |
| ९. | गाउँपालिका पुंजीगत | ६०।०८०।२।२० | हिलिहाङ्ग कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., फिदिम-१ पाँचथर | खातीटोल कालिधारा ढाँड गाँउ मोटरबाटो ट्र्याक निर्माण | ०२।०८०।२।११ | ५३३८४०.३२ |
| **जम्मा** | | | | | | **५८,५१,५१०.१४** |

## बेरूजु दफा ७७ सँग सम्बन्धित विवरण - अनुसूची -३०

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम भ्याटसहित | खर्च रकम भ्याटसहित | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| जोरपोखरी-गौसरा-सुम्लिवुड सिम्लेचोक-भालुखोप हुदैं तमोर करिडोर जाने मोटर बाटोः सुहाङ कुरुम पाङ्भे पाय्क्पा रोड (३.१५८ कि.मी.) | ब्रिक कन्सल्ट प्रा.लि. ललितपुर | १६,५७,३६५.०० | १४,९१,०३५.०० | २०,४५,९२,७८२.२७ |
| जोरपोखरी-गौसरा-सुम्लिवुड सिम्लेचोक-भालुखोप हुदैं तमोर करिडोर जाने मोटर बाटो (१८.५७९ कि.मी.) | | | | १,१८,१६,३२,०७९.०२ |
| गाउँपालिका यातायात गुरुयोजना निर्माण | पुर्वाञ्चल स्कील एण्ड इन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा.लि. | नभएको | ८,८३,७१७.०० | नभएको |
| जम्मा: | | **१६,५७,३६५.००** | **१४,९१,०३५.००** | **१,३८,६२,२४,८६१.२९** |

### बेरूजु दफा ८१ सँग सम्बन्धित विवरण - अनुसूची -३२

*...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रू. १२,८३,४०७.५२ सम्परीक्षण गरिएको ।)*

### बेरूजु दफा ८२ सँग सम्बन्धित विवरण - अनुसूची -३३

*...........(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रू. ६९,४३९।- सम्परीक्षण गरिएको ।)*

### बेरूजु दफा ८३ सँग सम्बन्धित विवरण - अनुसूची -३४

| क्र.सं. | गो.भौ./मिति | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | पेस्की जमानत दिने बैकको नाम | पेस्की जमानत नं. | जमानत समाप्त मिति | जमानत रकम रकम रू. | पेस्की रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २११।०७९।३।२४ | HRM/NCB/ WORKS/03/078/79 | प्रशासकिय भवन निर्माण | एस.ए.एस. कन्ट्रक्सन प्रा.लि., बिर्तामोड | कृषि बिकास बैक, फिदिम | APG012/0011/ 6779/22 | १९ अगष्ट, २०२३ | ५०००००० | ५०००००० |

### बेरूजु दफा ८५ सँग सम्बन्धित विवरण - अनुसूची -३५

*...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।११।१४ को निर्णयबाट रू. १०,५२,६५७ ।- सम्परीक्षण गरिएको ।)*

### बेरूजु दफा ८६ सँग सम्बन्धित विवरण - अनुसूची -३६

| क्र.सं. | गो.भौ./मिति | योजनाको नाम | निर्माण व्यवसायीको नाम | आईटम नं. | आईटमवाईज कार्यको विवरण | कुल भुक्तानी भएको परिमाण | नापी किताब अनुसार भुक्तानी हुनुपर्ने | फरक परिमाण | भुक्तानी दर(मू.अ.कर सहित) | खुद बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ८।०७९।७।३ | प्रशासकीय भवन निर्माण कार्य | S.A.S. Construction Pvt. Ltd., Biratnagar, Morang | १२ | Providing,Laying, Fixing, Banding reinforcement | ६२.६२ | ३१.३१ | ३१.३१ | १११८७० | ३५०२६५० |